# अध्याय एक

# शोध परिचय

## १.१ पृष्ठभूमि

भाषा मानवीय विचार र भावनाहरूको वाहक हो। संसारमा मानिसलाई अन्य प्राणीहरूबाट छुट्याउने सर्वशक्तिमान् साधन पनि भाषा नै हो ।

कथा ज्यादै लोकप्रिय र अतिप्रचलित विधा हो । यसको उत्पत्ति मानव सृष्टिकै साथ भएको अनुमान गरिन्छ र त्यसै बेलादेखि नै यसको स्वरूपमा परिवर्तन हुँदै आएको छ। कथाका माध्यमबाट भाषा सिकाइलाई रुचिपूर्ण र सुगम बनाउन, विद्यार्थीहरूमा कल्पना र सिर्जना शक्ति बढाउन र साहित्यप्रति रुचि जगाउन निकै सहज भएको छ ।

सङ्कथन भाषाको सबैभन्दा माथिल्लो एकाइ मानिन्छ । यसमा सूचनाको सम्पूर्णता, सन्दर्भको पूर्णता, पाठको समष्टिरूप रहेकाले नै यसलाई एउटा पाट समष्टिका रूपमा हेरिन्छ (न्यौपाने, २०७०: ६६) । सङ्कथन विश्लेषणका प्रमुख दुई युक्तिहरू सम्बद्धक र सम्बद्धन हुन् । सम्बद्धक बाह्य रूपमा प्रष्ट देखिने भाषिक पक्ष हुन् भने सम्बद्धन भनेको विविध परिवेशात्मक सन्दर्भबाट अनुभवित हुने र बुझिने अप्रत्यक्ष र अनिवार्य तत्व हो ( पौडेल, २०७३: पृ. १६) । भाषामा विभिन्न एकाइहरू हुन्छन् । ध्वनि, वर्ग, रूप, शब्द, पदावली, वाक्यांश र वाक्य जस्ता एकाइ व्याकरणका विषय हुन् । यीभन्दा माथिल्ला एकाइ अनुच्देछ, परिच्छेद र समग्र कथन (सिङ्गो भनाइ) सङ्कथनका विषयहरू हुन् ।

सङ्कथनअन्तर्गत बाङ्मयका सबै पूर्ण भाषिक रूपहरू समेटिन्छन् (न्यौपाने, २०७४: २२) । सङ्कथनका प्रारम्भिक अध्ययनहरूमा कुनै भाषाको कथ्य कथन घटनासँग सम्बन्धित सिङ्गा अभिव्यक्तिहरूमा सङ्कथन मानिँदै आएको थियो । वठा र स्रोताको आमने सामनेको स्थितिमा माझ सम्पन्न हुनसक्ने गफ, कुराकानी, गाली, ठट्यौली, कथाकथन, विवाद, छलफल, आज्ञा, प्रश्नोत्तर, माफी सान्त्वना प्रशंसा जस्ता मौखिक अभिव्यक्ति कथ्य सङ्कथन अन्तर्गत पर्दछन् भने पाठक सामुन्नेमा नरहेको अवस्थामा तयार गरिने कथा, कविता, महाकाव्य, उपन्यास आदि कुनै पनि भाषाका लिखित स्वरूप लेख्य सङ्कथन अन्तर्गत पर्दछन् ।

प्रस्तुत अध्ययन त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय एम.एड. दोस्रो वर्ष ने.पा. शि. ५९८ प्रयोजनका लागि तयार पारिएको छ ।

## १.२ समस्या कथन

प्रस्तुत शोधको मूल समस्याका रूपमा सङ्कथन विश्लेषणको सैद्धान्तिक अवधारणाका सापेक्षतामा **रातभरि हुरी चल्यो** कथामा प्रयुक्त सम्बद्धक र सम्बद्धनको पहिचान र विश्लेषण गर्दै कथामा तिनीहरूको भूमिका केलाउनु रहेको छ । प्रस्तुत अध्ययन निम्नलिखित समस्यामा केन्द्रित रहेको छ :

क) **रातभरि हुरी चल्यो** कथामा के कस्ता सम्बद्धकहरू प्रयोग भएका छन् ?

ख) प्रस्तुत कथामा के कस्ता सम्बद्धनहरू प्रयोग भएका छन् ?

## १.३ अध्ययनका उद्देश्यहरू

प्रस्तुत शोधका निम्नलिखित उद्देश्यहरू रहेका छन् :

क) **रातभरि हुरी चल्यो** कथामा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण गर्नु ।

ख) उक्त कथामा प्रयुक्त सम्बद्धनहरूको पहिचान र विश्लेषण गर्नु ।

## १.४ अध्ययनको औचित्य र महŒव

प्रस्तुत कथामा गरिने सङ्कथन विश्लेषणको अध्ययनले सङ्कथन र यसका युक्तिहरू, सम्बद्धक र सम्बद्धनका बारेमा अध्ययन गर्ने वा सरोकार राख्ने जोकोहिलाई फलदायी र उपयोगी रहेको छ । भाषाको महत्वपूर्ण पाटोको रूपमा भूमिका भूमिका खेल्ने सङ्कथन भाषा शिक्षणका क्षेत्रमा पनि अति आवश्यक रहेको छ । तसर्थ प्रस्तुत अध्ययनबाट सङ्कथनका क्षेत्रमा अध्ययन गर्न चाहने जोकोहीलाई पनि सहयोग पुग्ने अपेक्षा गरिएको छ । प्रस्तुत शोधकार्यले सङ्कथनको सैद्धान्तिक आधार तयार पार्नुका साथै लेखक, नीति, निर्माता, पाठ्यक्रम/पाठ्यपुस्तक निर्माता, शिक्षक, विद्यार्थी, कथाकार, समालोचक, भाषा, पाठ्यक्रमविद आदि सबैलाई सहयोग पुऱ्याउने यस अध्ययनको औचित्य अझ प्रष्ट हुन्छ । भाषाविज्ञानको एक नवीन शाखाका रूपमा रहेको सङ्कथन विश्लेषणका क्षेत्रमा त्रिभुवन विश्वविद्यालयमा तुलनात्मक रूपमा कम अध्ययन भएको अवस्थामा यो अध्ययनको औचित्य टड्कारो रूपमा देखिएको छ ।

### १.५ अध्ययनको सीमाङ्कन

प्रस्तुत शोधको निम्नलिखित सीमाङ्कन गरिएको छ :

क) प्रस्तुत शोध कथाकार इन्द्रबहादुर राईको 'रातभरि हुरी चल्यो' शीर्षक कथाको सङ्कथन विश्लेषण माझ केन्द्रित रहेको छ ।

ख) प्रस्तुत शोधमा 'रातभरि हुरी चल्यो' कथाको माझ सम्बद्धक र सम्बद्धनमा आधारित भई सङ्कथन विश्लेषण गरिएको छ ।

प्रस्तुत कथामा अनुच्छेद योजना जटिल रहेको देखिन्छ । कथामा एक वाक्यात्मक अनुच्छेद पनि भएकाले अध्ययनका सजिलाका लागि कथालाई जम्मा १२ भागमा छुट्याइएको छ । जुन यसप्रकार रहेको छ :

भाग १ - छानामा ठोकेका मट्टीतेलका .... तिमी छौ राख्ने बचाउने ।

भाग २ - बतासले हिर्काएर तेर्सो बाछिता ..... उसले केही भनेन ।

भाग ३ - दैलो खोलेर बाहिर अँध्यारोमा सुन्दा .... परिरहेकै थियो ।

भाग ४ - कालेकी आमाले भुइँमा खाजेर एउटा ठूलो लेउ परेको .... स्वास्नीले त्यसैगरी ।

भाग ५ - कालेको बाबु उँभो छप्परतिर हेर्दै थियो, ... कुलो काटर लैजानुपर्छ ।

भाग ६ - अलिकति निदाएको थियो कि ? ..... बास्यो 'कुखुरी काँ' 'कुखुरी इ-इ-इ-इ-काँ...ाँ..ाँ...ाँ...ाँ ।

भाग ७ - बिहान दुधको ढुङ्ग्रो काँधमा बोकेर .... अरुतिर दुध बाँड्दै गई ।

भाग ८ - 'व्यर्थैमा हामीले बारी गर्ने भएर यो आपद ..... ढोरङ्गीकहाँ दुध दिन पुगी ।

भाग ९ - बन्द दरबाजाको ऐनामा ठकठकाएर .... ऊ आफै फतफताई ।

भाग १० - अहँ, यसरी दिनरातको पहिरो र हावाको .... दुध बाडेर फिर्किनुभयो ।

भाग ११- बी.बी. गुरुङको बरन्डामा पुग्दा त्यहाँ .... ढुङ्ग्रो काँधमा भिरी ।

भाग १२- चौकीदारनीको घरमा एक पावा दुध भरेर .... कालेको बाबुले मार्छ ।

### १.६ पारिभाषिक पद/पदावली

प्रस्तुत शोध प्रस्तावमा निम्नलिखित पारिभाषिक शब्दहरू प्रयोग भएका छन् :

कथा : 'रातभरि हुरी चल्यो'

प्रस्तोता : सङ्थनलाई अभिव्यक्त गर्ने व्यक्ति

बोद्धा : प्रस्तोताद्वारा अभिव्यक्त सूचनाको ग्रहण गर्ने व्यक्ति

माध्यम : सङ्कथनलाई प्रवाह गर्ने भाषा

विषय : पाठको केन्द्रीय कथ्य

कोड : भाषिक प्रतिबिम्ब

परिवेश : घटना घटित स्थानको वातावरण

सङ्कथन : भाषाको सबैभन्दा माथिल्लो र पूर्ण एकाइ

सम्बद्धक : अभिव्यक्तिमा जोडकका रूपमा प्रयोग हुने भाषिक जोर्नी

सम्बद्धन : दुई वाक्यहरूका बीचमा अर्थगत सम्बन्ध जोड्न आउने घटक

## १.७ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको रूपरेखा निम्नअनुसार रहेका छन् :

अध्याय एक : शोध परिचय

अध्याय दुई : पूर्वकार्यको समीक्षा तथा सैद्धान्तिक धारणात्मक संरचना

अध्याय तीन : अध्ययन विधि/प्रक्रिया

अध्याय चार : व्याख्या विश्लेषण/वर्ण विश्लेषण

अध्याय पाँच : निष्कर्ष र सुझाव

सन्दर्भसूची

परिशिष्ट

# अध्याय दुई

# पूर्वकार्यको समीक्षा

## २.१ पूर्वकार्यको समीक्षा तथा सैद्धान्तिक धारणात्मक संरचना

### २.१.१ पुस्तक समीक्षा

पौडेल (२०६९) द्वारा **प्रायोगिक भाषाविज्ञानका प्रमुख आयामहरू** भन्ने पुस्तक लेखिएको छ। जसअन्तर्गत एकाइ दुईमा सङ्कथन विश्लेषण रहेको छ। उक्त एकाइमा सङ्कथन भनेको पाठ्यभन्दा माथिल्लो एकाइ हो भनी व्याख्या गरिएको छ। सोही एकाइमा सङ्कथन विश्लेषण भनेको भाषाको सम्प्रेषणात्मक कार्यको विश्लेषण हो, पनि भनिएको छ। सम्प्रेषणात्मक कार्यको विश्लेषण हो पनि भनिएको छ। एकाइ दुई अन्तर्गतको सङ्कथन विश्लेषणमा सङ्कथनको परिचयलाई पृष्ठ १५, १६, १७ र १८ मा उल्लेख गरिएको छ। त्यसैगरी सङ्कथनको सैद्धान्तिक अवधारणा र कथ्य सङ्कथन र लेख्य सङ्कथनलाई पृष्ठ १९, २०, २१, २२ र २३ मा उल्लेख गरिएको छ। त्यसैगरी सङ्कथनका युक्तिहरू भनी सम्बद्धक, सम्बद्धन, अभिप्रायमूलकता, ग्राह्यता, सूचनामूलकता, परिस्थितिमूलकता र पाठात्मक अन्तर्सम्बद्धताका पाठान्तरतालाई पृष्ठ २३ मा राखिएको छ भने सम्बद्धकका प्रकारहरू, सार्वनामिक सम्बद्धक, स्थानिक तथा कालिक सम्बद्धक, संयोजन, पुनरावृत्ति, प्रतिस्थापन, लोप, कोशीय अर्थ सम्बन्ध र अन्यलाई पृष्ठ २४, २५, २६ मा क्रमशः उल्लेख गरिएको छ। यसरी नै पृष्ठ २७, २८ र २९ मा सम्बद्धनको भूमिका उल्लेख गरिएको छ। त्यसैगरी क्रमशः पृष्ठ २९ मा सङ्कथनका तत्वहरू भनेर प्रस्तोता, वक्ता, बोद्धा, माध्यम/मार्ग, सूचनाको स्वरूप, शीर्षक विषय, कोड र परिवेशलाई समावेश गरी पृष्ठ २९ देखि ३१ सम्म तिनीहरूको व्याख्या गरिएको छ। अन्त्यमा पृष्ठ ३१, ३२, ३३ मा सङ्कथन विश्लेषण र भाषा शिक्षणको उपयोगितालाई प्रस्तुत गरी एकाइ दुई समाप्ति गरिउको छ।

न्यौपाने र अन्य (२०६९) द्वारा **सामान्य भाषाविज्ञान** पुस्तक लेखिएको छ। उक्त पुस्तकमा जम्मा ९ वटा एकाइहरू समावेश गरिएको छ। ती एकाइहरूलाई जम्मा पृष्ठ सङ्ख्या ३३१ सम्ममा व्याख्या विस्तार गरी प्रस्तुत गरिएको छ। एकाइ एकमा उल्लेखित पृष्ठ १३ मा भाषाविज्ञानका शाखाहरू छन्। त्यस शाखाअन्तर्गत मुख्य शाखाको रूपमा पृष्ठ २१ मा सङ्कथन विश्लेषणलाई पनि समावेश गरी व्याख्या गर्ने प्रसङ्गमा सङ्कथन

विश्लेषणलाई वाक्यभन्दा माथिल्लो एकाइ सङ्कथन हो भनी भनिएको छ। यसअन्तर्गत वाक्यभन्दा माथिल्लो एकाइ भनी त्यस बुँदालाई टुङ्ग्याएको छ।

ढकाल (२०६९/७०) द्वारा प्रायोगिक भाषा विद्वानका प्रमुख आयाम भन्ने पुस्तक लेखिएको छ। उक्त पुस्तकमा जम्मा ११ (एघार) ओटा एकाइ समावेश गरिएको छ। यसअन्तर्गत एकाइ दुईमा सङ्कथनलाई सिङ्गो वा पूर्ण अभिव्यक्तिका रूपमा चर्चा गरी सङ्कथन भाषाको उच्चतम एकाइ हो भनिएको छ। विधाको संरचना, त्यसको सैद्धान्तिक अवधारणा र सङ्कथन विश्लेषण भिन्न-भिन्न हुन्छन् पनि भनिएको छ।

एकाइ दुईमा समावेश गरिएको सङ्कथन विश्लेषण अन्तर्गत पृष्ठ १८, १९, २०, २१ र २२ मा सङ्कथन विश्लेषणको परिचय र परिभाषा, सङ्कथन विश्लेषणमा भिन्नता हुने कारण (विधागत संरचना, विश्लेषण पद्धति, विश्लेषण) भनी उल्लेख गर्दै यसको महत्व र कथ्य र लेख्य सङ्कथनको पनि चर्चा गरिएको छ। यसरी नै पृष्ठ २२ मा सङ्कथनका युक्तिहरू भनी सम्बद्धक र सम्बद्धनलाई भनिएको छ। त्यस्तै गरी पृष्ठ २३, २४, २५, २६ मा सम्बद्धकका प्रकार भनी सार्वनामिक सम्बद्धक, स्थानिक र कालिक सम्बद्धक, संयोजन, लोप, पुनरावृत्ति, प्रतिस्थापन र कोशीय अर्थ सम्बन्धलाई उल्लेख गरी सम्बद्धनको पनि व्याख्या गरिएको छ। त्यसैगरी पृष्ठ २७, २८, २९, ३० मा यसको तत्व भनी प्रस्तोता, प्रापक, माध्यम, सूचनाको स्वरूप, विषय, भाषिक, संकेत परिवेशलाई समेटिएको छ भने सङ्कथन विश्लेषण र भाषा शिक्षणको उपयोगिताको पनि चर्चा गरी दोस्रो एकाइको समाप्ति गरिएको छ।

अधिकारी (२०७४) द्वारा **सामाजिक र प्रायोगिक भाषाविज्ञान** भन्ने पुस्तक लेखिएको छ। उक्त पुस्तकमा खण्ड 'क' र खण्ड 'ख' भनी शीर्षक समावेश गरिएको छ। उक्त खण्डमा जम्मा पृष्ठ ३१७ सम्म रहेको छ। पृष्ठ १०३ देखि प्रायोगिक भाषा विज्ञानलाई समावेश गरिएको छ। यस पुस्तकमा सङ्कथनलाई वाक्यभन्दा माथिल्लो भाषिक एकाइ मानिन्छ भनिएको छ। सङ्कथन विश्लेषण भाषाको विस्तारित स्वरूपको अध्ययन हो पनि भनिएको छ।

खण्ड 'ख'मा समावेश गरिएको सङ्कथन विश्लेषण अन्तर्गत पृष्ठ २६७ देखि २७१ सम्ममा सङ्कथन विश्लेषणको परिचय, पृष्ठभूमि र विकास, महत्व र कथ्य र लेख्य सङ्कथनलाई समावेश गरिएको छ। त्यसैगरी पृष्ठ २७२ देखि २७७ सम्ममा सङ्कथनका

युक्तिहरू भनी चर्चा गर्दै सम्बद्धकको भूमिका, त्यसको प्रकृति भनी सार्वनामिक सम्बद्धक, स्थानिक र कालिक सम्बद्धक, संयोजन, पुनरावृत्ति, प्रतिस्थापन, लोप, कोशिय अर्थ सम्बन्धलाई उल्लेख गरिएको छ भने सम्बद्धनको भूमिकाको पनि व्याख्या गरी सङ्कथनका तत्वहरू भनेर प्रस्तोता, बोद्धा, मार्ग, सूचनाको स्वरूप, शीर्षक/विषय, कोड, परिवेशलाई समावेश गरिएको छ र अन्त्यमा पृष्ठ २७७ देखि २७८ सम्ममा सङ्कथन विश्लेषण र शीर्षकलाई टुङ्ग्याइएको छ ।

### २.१.२ शोध समीक्षा

भण्डारी (२०७३) द्वारा त्रि.वि. शिक्षाशास्त्र सङ्कायअन्तर्गत जनता बहुमुखी क्याम्पस इटहरीको नेपाली भाषा शिक्षा विभागअर्नात **'अछुत जातिलाई टीका लगाउँदा' निबन्धको सङ्कथन विश्लेषण**मा शोधकार्य भएको पाइन्छ । उक्त शोधकार्यका पाँच अध्यायहरू र ७८ पृष्ठ सङ्ख्या रहेको पाइन्छ । पहिलो अध्यायमा पृष्ठभूमि, समस्याकथन, अध्ययनको औचित्य, अध्ययनको उद्देश्यहरू, अध्ययनको प्राक्कल्पना अध्ययनको परिसीमा र परिभाषिक शब्द रहेको पाइन्छ। त्यसैगरी अध्याय दुईमा पूर्वकार्यको समीक्षा, पूर्वकार्यको उपयोगिता, सङ्कथन विश्लेषण सैद्धान्तिक आधार (परिचय, परिभाषा, प्रकार), सङ्कथन विश्लेषण र यसको सैद्धान्तिक अवधारणा सङ्कथन विश्लेषणका परिभाषाहरू, सङ्कथन विश्लेषणका अध्ययन पद्धतिहरू (उर्ध्वगमन, अद्योगमन, मिश्रित) । अध्याय तीनमा अध्ययनको प्रक्रिया र विधि रहेको छ भने अध्याय चारमा निबन्धको पहिचान र विश्लेषण रहेको छ। अध्याय पाँचमा निष्कर्ष तथा सुझावहरू रहेको छ। उक्त शोधकार्यको समस्या कथन अन्तर्गत विश्लेषणको सैद्धान्तिक आधार पत्ता लगाउनु, 'अछुत जातिलाई टीका लगाउँदा' निबन्धमा के कस्ता सम्बद्धक र सम्बद्धनहरू प्रयोग भएका छन् ? थाहा पाउनु, उक्त निबन्धमा प्रयुक्त सम्बद्धक र सम्बद्धनको उपयुक्तता पत्ता लगाउनु रहेको छ। उक्त शोधकार्यको उद्देश्यमा सङ्कथन विश्लेषणको सैद्धान्तिक आधार तयार गर्नु, निबन्धमा प्रयुक्त सम्बद्धक र सम्बद्धनहरूको पहिचान र विश्लेषण गर्नु र सम्बद्धक र सम्बद्धनको दृष्टिले प्रस्तुत निबन्धको उपयुक्तता केलाउनु रहेको छ ।

यस शोधकार्यमा मुख्यतया पुस्तकालयीय विधिको प्रयोगमा केन्द्रित रहेको पाइन्छ । यस शोधकार्यमा प्राथमिक र द्वितीयक स्रोतको प्रयोग गरिएको छ । जसमा प्राथमिक स्रोतका रूपमा उक्त निबन्ध नै रहेको छ भने द्वितीयक स्रोतका रूपमा विभिन्न सम्बन्धित

पुस्तकहरू, अप्रकाशित शोधपत्र र सम्बन्धित लेख रचनाहरूको उपयोग गरिएको छ। यस शोधको नमुनाको लागि उक्त निबन्धका ११० ओटा वाक्यहरूलाई लिइएको छ। जसमा एकदेखि एक सय दशसम्म छुट्याएर ११-११ वटा वाक्यहरू भएका १० वाक्य सङ्ख्या श्रेणी बनाई प्रस्तुत निबन्धलाई १० छुट्टाछुट्टै तालिका बनाई सम्बद्धकका प्रकारका आधारमा वाक्यान्तरिक र व्याख्या प्रक्रिया आगमन विधिको प्रयोग गरी गरिएको छ। प्रस्तुती चाहिँ वर्णनात्मक विधिले गरिएको छ। प्रस्तुत शोधपत्रमा तथ्याङ्क विश्लेषण र व्याख्या प्रक्रिया आगमन विधिको प्रयोग गरी गरिएको छ। निबन्धकार अनिल पौडेलद्वारा लिखित प्रस्तुत निबन्ध सम्बद्धन प्रयोगका दृष्टिले अन्वितिपूर्ण नै छ। प्रस्तुत निबन्ध पनि सरल वाक्यगठन र अभिधात्मक प्रस्तुतिले सामान्य पाठकका लागि पनि सुबोध बनेको छ। समग्रमा प्रस्तुत निबन्ध सम्बद्धक प्रयोगका दृष्टिले उपयुक्त छ भन्ने निष्कर्ष उक्त शोधको रहेको छ (भण्डारी, २०७३ : ६९)।

उक्त शोधकार्यमा 'अछुत जातिलाई टीका लगाउँदा' निबन्धको सङ्कथन विश्लेषण गरिएको छ भने मेरो शोधकार्य **रातभरि हुरी चल्यो कथा** कथामा सङ्कथन विश्लेषण रहेको छ।

सापकोटा (२०७४) द्वारा त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय जनता बहुमुखी क्याम्पस नेपाली भाषा शिक्षा विभागअन्तर्गत **कविताको परिशिष्ट निबन्धको सङ्कथन विश्लेषण**मा शोधकार्य भएको पाइन्छ। जसअन्तर्गत पाँच अध्याय रहेको छ। पाँच अध्याय रहेको यस शोधकार्यमा जम्मा ४६ पृष्ठ सङ्ख्या रहेको छ। अध्याय एकमा पृष्ठभूमि, समस्याकथन, अध्ययनको उद्देश्य, अध्ययनको औचित्य र महत्व, अध्ययनको परिसीमा रहेको छ। त्यसैगरी अध्याय दुईमा पूर्वकार्यको समीक्षा, पूर्वकार्यको उपयोगिता, सङ्कथन विश्लेषणको सैद्धान्तिक आधार रहेको छ। त्यसरी नै अध्याय तीनमा अध्ययनको प्रक्रिया विधिअन्तर्गत अध्ययनको संरचना, शोधमा प्रयोग गरिने नमुना, अध्ययनको नमुना, छनोट प्रक्रिया तथ्याङ्क विश्लेषण र व्याख्या प्रक्रिया रहेको छ। यस्तै प्रकारले अध्याय चारमा निबन्धको पहिचान र विश्लेषण रहेको छ। त्यसैगरी अध्याय पाँचमा निष्कर्ष तथा सुझावहरू रहेको छ। उक्त शोधकार्यको समस्याकथन अन्तर्गत,

क) 'कविताको परिशिष्ट' निबन्धमा के कस्ता सम्बद्धकहरूको प्रयोग भएका छन् ?

ख) चर्चित निबन्धमा के कस्ता सम्बद्धनहरूको प्रयोग भएका छन् ?

ग) चर्चित निबन्धमा प्रयुक्त सम्बद्धक र सम्बद्धनको उपयुक्तता के कस्तो छ ?

साथै उद्देश्य अन्तर्गत

क) ‘कविताको परिशिष्ट’ निबन्धमा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण गर्नु,

ख) ‘कविताको परिशिष्ट’ निबन्धमा प्रयुक्त सम्बद्धनहरूको पहिचान र विश्लेषण गर्नु तथा

ग) सम्बद्धक र सम्बद्धनका दृष्टिले ‘कविताको परिशिष्ट’ निबन्धको उपयुक्तता केलाउनु ।

यस शोधकार्यको अध्ययन विधि पुस्तकालयीय विधिबाट गरिएको छ । पुस्तकालयीय विधिबाट नै सामग्री सङ्कलन गरिएको छ । प्राथमिक स्रोतको रूपमा कविता सङ्ग्रह ‘मुक्त समय’ रहेको छ भने द्वितीयक स्रोतको रूपमा विभिन्न पुस्तक, अप्रकाशित शोधपत्रहरू रहेको छ । यस शोधकार्यको नमुनाको रूपमा निबन्धको २१ वटा वाक्यहरूलाई लिइएको छ । अध्ययनको नमुना छनोट प्रक्रियामा निष्कर्षको कुल चार अनुच्छेदलाई ८ छुट्टा छुट्टै तालिका बनाई सम्बद्धक र सम्बद्धनका प्रकारका आधारमा छुट्याएको छ । त्यसैगरी तथ्याङ्क विश्लेषण र व्याख्या प्रक्रिया आगमन विधिको प्रयोग गरी अघि बढाइएको छ । निष्कर्षमा प्रस्तुत निबन्ध काव्यिक वाक्य गठन र लक्षणात्मक प्रस्तुतिले सामान्य पाठकका लागि निकै जटिल बनेको छ । समग्रमा प्रस्तुत निबन्ध सम्बद्धक र सम्बद्धन प्रयोगका दृष्टिले विशिष्ट पाठकका लागि मात्र उपयुक्त र सबल देखिन्छ (सापकोटा, २०७४: ३५) ।

घिमिरे (२०७४) द्वारा त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय जनता बहुमुखी क्याम्पस नेपाली भाषा शिक्षा विभागअन्तर्गत **‘सपरिवार छोराले देश छोडेको रात’ मनोवादको सङ्कथन विश्लेषण**को शोध कार्य भएको पाइन्छ । उक्त शोध कार्यमा जम्मा ५ अध्याय रहेको पाइन्छ । पाँच अध्याय रहेको यस शोध कार्यमा जम्मा ७० वटा पृष्ठ सङ्ख्या रहेको छ । यस शोध कार्यको जम्मा ७० वटा पृष्ठ सङ्ख्या रहेको छ । यस शोधकार्यको पहिलो अध्याय एकमा शोध परिचय अन्तर्गत पृष्ठभूमि, समस्या कथन, अध्ययनको औचित्य तथा महŒव, अध्ययनको उद्देश्यहरू, शोधको परिसीमा रहेको छ । त्यसैगरी अध्याय दुईमा पूर्वकार्यको समीक्षा तथा धारणात्मक संरचना भनी शीर्षक दिई उपशीर्षकहरू पूर्वकार्यको समीक्षा, पुनरावलोकनको उपादेयता, सैद्धान्तिक ढाँचा, सङ्कथन विश्लेषणको परिचय, अवधारणात्मक ढाँचा रहेको छ । त्यसरी नै अध्याय तिनमा अध्ययनको प्रक्रिया भनी अध्ययनको संरचना, तथ्याङ्क विश्लेषण र व्याख्या प्रक्रियालाई उल्लेख गरिएको छ । यसै

प्रकारले अध्याय चारमा व्याख्या तथा विश्लेषण रहेको छ भने अध्याय पाँचमा सारांश, निष्कर्ष र उपयोगिता रहेको छ ।

उक्त शोध कार्यको समस्याकथन अन्तर्गत :

क) 'सपरिवार छोराले देश छोडेको रात' मनोवादमा के कस्ता सम्बद्धकहरूको प्रयोग भएका छन् ?

ख) 'सपरिवार छोराले देश छोडेको रात' मनोवादमा के कस्ता सम्बद्धनहरूको प्रयोग भएका छन् ?

ग) उक्त मनोवादमा प्रयुक्त सम्बद्धक र सम्बद्धनहरूको उपयुक्तता के कस्तो छ ? भने उद्देश्य अन्तर्गत,

क) 'सपरिवार छोराले देश छोडेको रात' मनोवादमा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण गर्नु,

ख) उक्त मनोवादमा प्रयुक्त सम्बद्धनहरूको पहिचान र विश्लेषण गर्नु,

ग) मनोवादमा प्रयुक्त सम्बद्धक र सम्बद्धनहरूको उपयुक्तता केलाउनु ।

यस शोधकार्यको अध्ययन विधि अन्तर्गत पुस्तकालयीय विधिको प्रयोगबाट सामग्री सङ्कलन गरिएको छ । प्राथमिक स्रोतका रूपमा प्रा.डा. टङ्कप्रसाद न्यौपानेको 'सपरिवार छोराले देश छोडेको रात' मनोवादलाई लिइएको छ । त्यसरी नै द्वितीयक स्रोतका रूपमा विभिन्न सहयोगी पुस्तकहरू, अप्रकाशित शोधपत्रहरू, सम्बन्धित विषयसँग सम्बन्धी लखे रचनाहरू रहेको पाइन्छ । तथ्याङ्क विश्लेषण र व्याख्या प्रक्रियामा पुस्तकालयीय विधिलाई प्रमुख विधिको रूपमा प्रयोग गरेको छ ।

निष्कर्षमा प्रस्तुत मनोवादमा प्रयुक्त सम्बद्धक र सम्बद्धनहरूको उपयुक्तता हेर्दा मनोवाद भाषिक जोनकि दृष्टिले अन्वितिप्रर्ण नै छ । बोधगम्यता र अर्थपूर्णता समेतका आधारमा समेत पढ्नयोग्य र उपयुक्त छ । प्रस्तुत मनोवाद सङ्कथन विश्लेषणको अध्ययन अर्थात् सङ्कथन र यसका युक्तिहरू सम्बद्धक र सम्बद्धनका आधारमा अर्थपूर्ण रहेको छ (घिमिरे, २०७४: ६४) ।

उक्त शोधकार्य 'सपरिवार छोराले देश छोडेको रात' मनोवादमा सम्बद्धक र सम्बद्धनको प्रयोगका साथै यसको उपयुक्तता केन्द्रित रहेको देखिन्छ भने मैले गर्ने शोध

कार्य **रातभरि हुरी चल्यो कथा** कथामा प्रयुक्त सम्बद्धक र सम्बद्धनको प्रयोगमा केन्द्रित हुनेछ ।

घिमिरे (२०७४) द्वारा त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय जनता बहुमुखी क्याम्पस नेपाली भाषा शिक्षा विभागअन्तर्गत **'जय भोलि' निबन्धको सङ्कथनको विश्लेषण**को शोधकार्य भएको पाइन्छ। जसअन्तर्गत पाँच अध्याय रहेको पाइन्छ। जसअन्तर्गत पाँच अध्याय रहेको पाइन्छ। पाँच अध्याय रहेको यस शोधकार्यमा जम्मा ८६ वटा पृष्ठ सङ्ख्या रहेको छ। यस शोधकार्यको अध्याय एकमा शोध परिचय अन्तर्गत पृष्ठभूमि, समस्याकथन, अध्ययनको औचित्य, अध्ययनको उद्देश्यहरू, अध्ययनको प्राक्कल्पना र अध्ययनको परिसीमा रहेको छ। अध्याय दुईमा पूर्वकार्यको समीक्षा तथा धारणात्मक संरचना अन्तर्गत पूर्वकार्यको समीक्षा, पूर्वकार्यको उपयोगिता, सङ्कथन, विश्लेषणको सैद्धान्तिक आधारहरू रहेको छ। त्यसैगरी अध्याय तीनमा अध्ययनको प्रक्रिया/विधि अन्तर्गत अध्ययनको संरचना, शोधमा प्रयोग गरिने नमुना, अध्ययनको नमुना छनोट प्रक्रिया, तथ्याङ्क व्याख्या र विश्लेषण प्रक्रिया रहेको छ। अध्याय चारमा निबन्धको पहिचान र विश्लेषण रहेको छ भने अध्याय पाँचमा निष्कर्ष तथा सुझावहरू रहेका छन् । यस शोधकार्यको समस्याकथन अन्तर्गत

क) 'जय भोलि' निबन्धमा के कस्ता सम्बद्धकको प्रयोग भएका छन् ?

ख) प्रस्तुत निबन्धका के कस्ता सम्बद्धनको प्रयोग भएका छन् ?

ग) प्रस्तुत निबन्धमा प्रयुक्त सम्बद्धक र सम्बद्धनको उपयुक्तता के कस्तो छ ?

साथै उद्देश्य अन्तर्गत

क) 'जय भोलि' निबन्धमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण गर्नु,

ख) प्रस्तुत निबन्धमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण गर्नु तथा

ग) सम्बद्धक र सम्बद्धनका दृष्टिले प्रस्तुत निबन्धको उपयुक्तता केलाउनु ।

यस शोधकार्यको अध्ययन विधि पुस्तकालयीय विधिबाट सामग्री सङ्कलन गरिएको छ। प्राथमिक स्रोतको रूपमा भैरव अर्यालको 'जय भोलि' निबन्ध रहेको छ। द्वितीयक स्रोतअन्तर्गत पुस्तकहरू, अप्रकाशित शोधहरू तथा सम्बन्धित लेख रचनाहरू रहेको छ। यस शोधकार्यको नमुनाको रूपमा निबन्धको ७८ ओटा वाक्यहरूलाई लिइएको छ। नमुना

छनोट प्रक्रिया अन्तगृत निबन्धको कुल १० अनुच्छेदलाई २० छुट्टाछुट्टै तालिका बनाई सम्बद्धक र सम्बद्धनका प्रकारका आधारमा छुट्याइएको छ । तथ्याङ्क विश्लेषण र व्याख्या प्रक्रिया आगमन विधिको उपयोग गरी अघि बढाइएको छ । निष्कर्षमा प्रस्तुत निबन्धमा सम्बद्धन प्रयोगको दृष्टिले हेर्ने हो भने यसले अर्थका सङ्केतहरूको खोजी गरेको छ । प्रस्तुत निबन्धले सामान्य पाठकहरूको अपेक्षा गरेको छ । जसले पनि एकै पढाइमा यस पाठको अर्थ बुझ्न सक्छ । हाँसी हाँसी पाठ पढि सक्छन् र पाठको अर्थ सजिलै बुझ्न सक्छ । यसर्थ सम्बद्धन प्रयोगका दृष्टिले यो पाठ उपयुक्त छ (घिमिरे, २०७४) ।

उक्त शोधकार्य 'जय भोलि' निबन्धमा सम्बद्धक र सम्बद्धनको प्रयोगमा साथै यसको उपयुक्तता केन्द्रित रहेको देखिन्छ भने मैले गर्ने शोधकार्य **रातभरि हुरी चल्यो कथा** कथामा प्रयुक्त सम्बद्धक र सम्बद्धनको प्रयोगमा केन्द्रित हुनेहरू ।

भट्टराई (२०७६) द्वारा त्रि.वि. शिक्षाशास्त्र सङ्काय जनता बहुमुखी क्याम्पस नेपाली भाषा शिक्षा विभागअन्तर्गत **'कोक्रो कथा' सङ्कथन विश्लेषण**को शोधकार्य भएको पाइन्छ । उक्त शोधकार्यमा जम्मा ५ अध्याय रहेको पाइन्छ । पाँच अध्याय रहेको यस शोधकार्यमा जम्मा ८५ पृष्ठ संख्या रहेको छ । यस शोधकार्यको पहिलो अध्याय एकमा शोध परिचय अन्तर्गत पृष्ठभूमि, समस्याकथन, अध्ययनका उद्देश्यहरू, अध्ययनको औचित्य र महत्व, अध्ययनको परिसीमा र पारिभाषिक शब्दहरू रहेको छ । त्यस्तैगरी अध्याय दुईमा पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा अन्तर्गत पूर्वकार्यको समीक्षा, पूर्वकार्यको उपयोगिता, सैद्धान्तिक संरचना रहेका छन् । अध्याय तीनमा प्रक्रिया र विधिअन्तर्गत अध्ययनको संरचना, तथ्याङ्क सङ्कलनका स्रोतहरू, तथ्याङ्क सङ्कलन प्रक्रिया, तथ्याङ्क विश्लेषण र व्याख्या प्रक्रिया रहेको छ । अध्याय चारमा व्याख्या तथा विश्लेषण रहेको छ । अध्याय पाँचमा सारांश, निष्कर्ष र उपयोगिता रहेको छ । उक्त शोधकार्यको समस्याकथन अन्तर्गत :

क) 'कोक्रो' कथामा के कस्ता सम्बद्धकको प्रयोग भएका छन् ?

ख) प्रस्तुत कथामा के कस्ता सम्बद्धकको प्रयोग भएका छन् ?

ग) प्रस्तुत कथामा प्रयुक्त सम्बद्धक र सम्बद्धनको उपयुक्तता के कस्तो छ ? भने

उद्देश्य अन्तर्गत

क) 'कोक्रो' कथामा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण गर्नु,

ख) प्रस्तुत कथामा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण गर्नु तथा

ग) सम्बद्धक र सम्बद्धनका दृष्टिले प्रस्तुत कथाको उपयुक्तता केलाउनु ।

यस शोधकार्यको अध्ययन विधिअन्तर्गत पुस्तकालयीय विधिबाट सामग्री सङ्कलन गरिएको छ । प्राथमिक स्रोतको रूपमा चन्द्रमणि अधिकारीको 'कोक्रो' कथा रहेको छ भने द्वितीयक स्रोतको रूपमा विभिन्न सहयोगी पुस्तक, सैद्धान्तिक, लेख, साहित्यिक तथा समालोचनात्मक ग्रन्थहरू तथा शोधपत्रहरू रहेको छ। तथ्याङ्क विश्लेषण र व्याख्या प्रक्रियामा आगमन विधिको प्रयोग गरिएको छ। निष्कर्षमा कथामा प्रयुक्त सम्बद्धक र सम्बद्धनको उपयुक्तता हेर्दा कथा भाषिक जोर्नीका दृष्टिले अन्वितिपूर्ण र पठन योग्य रहेको देखिन्छ । समग्रमा प्रस्तुत कथा सङ्कथन विश्लेषणको अध्ययनको आधारमा तथा सङ्कथन र यसका युक्तिहरू सम्बद्धक र सम्बद्धनका सापेक्षताका अर्थपूर्ण र उपयुक्त रहेको देखिन्छ ( भट्टराई, २०७६ : ८०) ।

उक्त शोधकार्य 'कोक्रो' कथामा सम्बद्धक र सम्बद्धनको प्रयोगका साथै यसको उपयुक्ततामा केन्द्रित रहेको देखिन्छ भने मैले गर्ने शोधकार्य 'रातभरि हुरी चल्यो' कथामा प्रयुक्त सम्बद्धक र सम्बद्धनको प्रयोगमा केन्द्रित हुनेछ ।

## २.२ पूर्वकार्यको उपयोगिता

प्रस्तुत शीर्षकमा सङ्कथन विश्लेषण गर्नका लागि अन्शु भट्टराई (२०७६) 'कोक्रो' कथाको सङ्कथन विश्लेषण, एकराज घिमिरे (२०७४) 'जय भोलि' निबन्धको सङ्कथन विश्लेषण, मञ्जु सापकोटा (२०७४) 'कविताको परिशिष्ट' निबन्धको सङ्कथन विश्लेषण र विद्यादेवी भण्डारी (२०७३) 'अछुत जातिलाई टीका लगाउँदा' निबन्धको सङ्कथन विश्लेषण र विकास घिमिरे (२०७४) 'सपरिवार छोराले देश छोडेको रात' मनोवादको सङ्कथन विश्लेषण शीर्षकमा गरिएका शोधपत्रहरूलाई आधार मानेर यो शोधकार्यलाई अघि बढाइएको छ । यी शोधहरूमा सङ्कथन विश्लेषणको सैद्धान्तिक आधार तयार पारी सम्बद्धक र सम्बद्धनहरू पत्ता लगाई तिनको विश्लेषण गरी अन्वित र उपयुक्तता केलाइएको छ । अन्य क्षेत्रमा भन्दा सङ्कथन विश्लेषणको क्षेत्रमा अध्ययन अनुसन्धान पर्याप्त मात्रामा भएको देखिँदैन । तसर्थ कथाकार इन्द्रबहादुर राई र अन्यद्वारा सम्पादित कक्षा ११ को नेपाली भाषा पाठ्यपुस्तक भित्रको 'रातभरि हुरी चल्यो' कथामा प्रयोग भएका सम्बद्धक र सम्बद्धनहरू

पत्ता लगाई तिनको विश्लेषण समेत गरी उपयुक्तता स्पष्ट पार्ने प्रयास यस शोधकार्यमा गरिने छ । माथिका पूर्वकार्यहरूले प्रस्तुत शोधकार्यमा निम्नअनुसार सहयोग पुऱ्याएका छन् ।

## २.३ सैद्धान्तिक अवधारणा र संरचना

प्रस्तुत शीर्षकमा सङ्कथन, विश्लेषण गर्न माधवप्रसाद पौडेल (२०६९) प्रायोगिक भाषाविज्ञानका प्रमुख आयामहरू, शान्तिप्रसाद ढकाल (२०६७), प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम, टङ्कप्रसाद न्यौपाने, पारसमणि भण्डारी, दिपक न्यौपाने, तुलसीराम घिमिरे (२०६९), सामान्य भाषाविज्ञान, भोजराज ढुङ्गल, दुर्गाप्रसाद दाहाल (२०६९) सामान्य र प्रायोगिक भाषाविज्ञान र हेमाङ्गराज अधिकारी (२०७४) सामाजिक र प्रायोगिक भाषाविज्ञान भित्र रहेका सङ्कथन विश्लेषणको सैद्धान्तिक आधार तयार पारी सम्बद्धक र सम्बद्धनहरू पत्ता लगाई तिनको विश्लेषण गरी अन्विति र उपयुक्तता केलाइनेछ। तसर्थ कथाकार इन्द्रबहादुर राई र अन्यद्वारा लिखित कक्षा ११ को नेपाली भाषा पाठ्य पुस्तक भित्र रहेको 'रातभरि हुरी चल्यो' कथा कथामा प्रयोग भएका सम्बद्धक र सम्बद्धनहरू पत्ता लगाई तिनको विश्लेषण समेत गरी उपयुक्तता स्पष्ट पार्ने प्रयास यस यस शोधकार्यमा गरिएको छ ।

### २.३.१ सङ्कथनको परिचय

सङ्कथन विशेषतः कथ्य भाषाको यस्तो शृङ्खला हो, जुन प्रायः वाक्य भन्दा ठूलो हुन्छ । यसलाई खासगरी दुई वक्ताहरू अर्थात् लेखक र पाठक बीचको अन्तर्क्रियाका रूपमा लिइन्छ (ढुङ्गेल र अन्य, २०७४ : २३६) । यो पूर्ण एवम् सिङ्गो अभिव्यक्ति हो । सङ्कथन अन्तर्गत वाक्यहरूको सिलसिलाबद्ध प्रस्तुतीकरण पर्न आउँछ। यो एक वाक्यदेखि अनेक वाक्यसम्म विस्तारित भएको हुन्छ ।

सङ्कथनको विकास कथ्य अभिव्यक्तिबाट भएको मानिन्छ। सुरुमा सङ्कथनले सम्भाषण र अन्तर्वार्ताहरूलाई मात्र बुझाउँथ्यो, पछि विस्तारै लेख्य अभिव्यक्तिलाई पनि बुझाउन थाल्यो। हाल आएर कथ्य र लेख्य दुवै प्रकारका अनि व्यक्तिलाई सङ्कथन अन्तर्गत राखेर अध्ययन गरिएको पाइन्छ ।

यसरी सङ्कथन भनेको वाक्यभन्दा माथिल्लो एकाइ जसले वाक्यभन्दा माथिको भाषिक प्रयोग विस्तारलाई बुझाउँछ। वाक्य, प्रकरण, अनुच्छेद, परिच्छेद जस्ता एकाइहरू

सङ्कथनका संरचक तत्वहरू हुन् । सङ्कथनमा विभिन्न किसिमका उक्तिहरू रहेका हुन्छन् । ती उक्तिहरूलाई अन्वितिपूर्ण बनाउन सङ्कथनमा सम्बद्धक र सम्बद्धनको विशेष भूमिका रहन्छ । वाक्य वा वाक्यभन्दा माथिल्लो भाषिक एकाइहरूका बीच अन्तर्सम्बन्ध जनाउन आउने सार्वनामिक, कालिक, वैशिक आदि भाषिक तत्वलाई सम्बद्धक भनिन्छ । यो वाक्यहरूका बीच शृङ्खला वा अन्विति जनाउन आउने एक किसिमको युक्ति हो । अभिव्यक्तिको वैचारिक सिलसिलालाई सम्बद्धन भनिन्छ । यसलाई अनुक्रममा आएका कथनहरू भन्न सकिन्छ । यसरी वाक्यभन्दा उपल्लो सम्बद्धक र सम्बद्धनयुक्त पूर्ण र सिङ्गो अभिव्यक्तिलाई सङ्कथन भनिन्छ (न्यौपाने र अन्य, २०६७ : १४५) ।

### २.३.२ सङ्कथनका युक्तिहरू

सङ्ककथनलाई बाह्य र आन्तरिक रूपमा व्यवस्थित, क्रमबद्ध, अन्वितिपूर्ण र अर्थपूर्ण बनाई सम्प्रेषणीय बनाउने तत्वहरू नै सङ्कथनका युक्तिहरू हुन् । पाठ निर्माणका लागि बाह्य भाषिक घटक सम्बद्धक हो । पाठ निर्माणका लागि आवश्यक पर्ने आन्तरिक भाषिक घटकलाई सम्बद्धन भनिन्छ । सङ्कथनका युक्तिहरूलाई यसप्रकार उल्लेख गर्न सकिन्छ ।

#### २.३.२.१ सम्बद्धक

सम्बद्धक भन्ने शब्दको अर्थ आपसमा जुटेर रहनु वा टाँसिएर रहनु हो (ढुङ्गेल र अन्य, २०७४ : २५०) । यसलाई अर्को शब्दमा संशक्ति पनि भनिन्छ । सम्बद्धकले वाक्यभित्र वा वाक्यका बीचमा शृङ्खला बनाउँदछ । पाठभित्र रहेका भाषिक एकाइलाई एक आपसमा जोड्ने सङ्गठित बनाउने, छोट्याउने, विस्तार गर्ने, कारण कार्य वा कार्य कारण शृङ्खलामा उन्ने काम गर्दछ । त्यसैगरी सम्बद्धकले भाषिक एकाइको पुनरावृत्तिलाई कम गरी सङ्कथनलाई व्यवस्थित बनाउँछ । यसलाई भाषिक जोर्नी वा जोडकका रूपमा समेत लिन सकिन्छ । वाक्यभन्दा माथिल्ला भाषिक एकाइका बीच अन्तर्सम्बन्ध जनाउन आउने सार्वनामिक, कालिक, दैशिक आदि भाषिक तत्वलाई सम्बद्धकका रूपमा लिइन्छ (अधिकारी, २०६७: २५२) । कुनै सङ्कथनभित्र वाक्यहरूमा वा वाक्यांशहरू बीचको सम्बन्ध देखाउने रूपगत संयोजकलाई स्म्बद्धक भनिन्छ (गौतम, २०६१ : १३) । यसलाई व्याकरिणक र कोशीय गरी दुई भागमा वर्गीकरण गरी अध्ययन गर्न सकिन्छ :

**क) व्याकरिणक सम्बद्धक**

व्याकरिणक सम्बद्धक कार्यसँग सम्बन्ध राख्ने सम्बद्धकलाई व्याकरिणक सम्बद्धक भनिन्छ । सङ्कथनमा वाक्यात्मक सीमाभित्र रही व्याकरणात्मक सम्बन्ध जनाउने सम्बद्धक व्याकरिणक सम्बद्धक हुन् । त्यस्ता व्याकरणिक सम्बद्धकहरू निम्नानुसार छन् :

**अ) सार्वनामिक सम्बद्धक**

पाठको निर्माणमा प्रयुक्त सर्वनाम शब्द नै सार्वनामिक सम्बद्धक हुन् । सार्वनामिक सम्बद्धक सर्वनामसँग सम्बन्धित रहेका हुन्छन् । सार्वनामिक सम्बद्धकले नामको वा भाषिक घटकको अनावश्यक पुनरावृत्ति हुनबाट जोगाउँछ । यसको आफ्नो निजी अर्थ हुँदैन तर वाक्यको प्रसङ्ग अनुसार यिनी अर्थपूर्ण भएर आएका हुन्छन् । यात्रा सम्बद्धक पाठमा वाक्यान्तरित र अन्तर्वाक्यीय दुवै रूपमा आउन सक्छन् ।

सार्वनामिक सम्बद्धक कहिले अग्रसन्दर्भक र कहिले पश्चसन्दर्भकका रूपमा पाठमा प्रयुक्त हुन्छ । पाठमा अगाडि प्रयोग भई सकेका भाषिक एकाइलाई सङ्केत गर्ने सर्वनाम अग्रसन्दर्भक हुन् भने पाठको पछाडि प्रयोग हुने भाषिक एकाइलाई सङ्केत गर्ने सर्वनाम पश्चसन्दर्भक हुन् । सुरुमा विशिष्ट शब्द दिएर पछि सामान्य शब्दको प्रयोग गरिएको छ भने त्यहाँ अग्रसन्दर्भक हुन्छ । पहिला सामान्य भएर दिएर पछि विशिष्ट शब्दको प्रयोग भएमा पश्सन्दर्भक हुन्छ । सार्वनामिक सन्दर्भकहरू सर्वनामका विभिन्न प्रकारसँगै पुरुषवाचक, सम्बन्धवाचक, प्रश्नवाचक, अनिश्चयवाचक, पारस्परिक जस्ता विभिन्न रूप पाइन्छन्।

**आ) स्थानिक सम्बद्धक**

सङ्कथनमा प्रयुक्त स्थान र परिवेशलाई बुझाउने सम्बद्धक नै स्थानिय सम्बद्धक हो । यसले कहाँ र कता हो भन्ने सन्दर्भलाई सङ्केत गर्दछ । स्थान र परिवेश बुझाउने यहाँ, त्यहाँ, यता, उता, तल, माथि, अगाडि, पछाडि, भित्र, बाहिर, घरमा, क्याम्पसमा, धरानमा, देशमा, विदेशमा, जङ्गलमा आदि स्थानिक सम्बद्धक हुन् । यस्ता सम्बद्धकले पाठलाई परस्परमा जोडेका हुन्छन् ।

**इ) कालिक सम्बद्धक**

सङ्कथनमा कुनै घटना, क्रियाव्यापार वा कार्यको समय बुझाउन प्रयोग भएका सम्बद्धक नै कालिक सम्बद्धक हुन् । यो समयसँग सम्बन्धित छ । यसमा नामयोगी र

क्रियायोगीहरू आउने गर्दछन् । हिजो, आज, भोलि, भरे, पोहोर, अस्ति, परार, साँझ, बिहान, बेलुका, अपराह्न, २०७६, २००७, पहिले आदि कालिक सम्बद्धक हुन् । त्यसैगरी नामिक, भित्र, तिर, अघि, पछि, भर, तक, सम्म, उता, बीच जस्ता नामयोगी र क्रियायोगी स्थानिक र कालिक दुवै सम्बद्धकका रूपमा प्रयोग हुन्छन् ।

**ई) संयोजन**

दुई वासोभन्दा बढी शब्द, पद, पदावली, उपवाक्य वा वाक्यमा जोड्ने भाषिक जोर्नीलाई संयोजन भनिन्छ। यसले भाषिक एकाइलाई परस्परमा जोड्ने काम गर्दछ। संयोजनलाई कालवाचक, कता, स्थानवाचकता, व्यतिरेकी वाचकता, विकल्पवाचकता, विरोधसूचकता, परिणामवाचकता, समानाधीकरणसूचकता, कारणवाचकता, प्रयोजनवाचकता, सम्बधवाचकता आदिमा वर्गीकरण गरिएको पाइन्छ। नेपाली भाषाका पाठमा नेपाली भाषामा प्रचलनमा रहेका र अनि, वा, एवम्, अर्थात्, पनि तापनि, किनभने, यसकारण जस्ता सापेक्ष र निरपेक्ष संयोजक प्रयोग भएका हुन्छन् ।

**उ) प्रतिस्थापन**

पाठमा अघिल्लो वाक्यमा प्रयोग भएका पद, पदावली, उपवाक्यलाई जनाउन पछिल्लो वाक्यमा तिनका सट्टामा अरु नै पदको प्रयोग हुनु प्रतिस्थापन हो । प्रतिस्थापनले अभिव्यक्तिमा विविधता ल्याउन एउटै भाषिक एकाइको पटक पटक हुने आवृत्तिबाट जोगाउन, लामा लामा पदावली तथा उपवाक्यका सट्टा एउटै पदले काम चलाई अभिवयक्तिलाई छिटो छरितो बनाउन सहयोग पुऱ्याउँछ। प्रतिस्थापन अन्तर्गत नामिक, प्रतिस्थापन, क्रियाको, प्रतिस्थापन र उपवाक्यको प्रतिस्थापन रहेका हुन्छन् । यसले लामा र जटिल पदावलीलाई सरल पदले प्रतिस्थापन गर्न सहयोग पुऱ्याउँछ । अतः प्रतिस्थापनले पनि पाठमा भाषिक जोर्नीका रूपमा कार्य गरेको पाइन्छ ।

**ऊ) लोप**

पुनरुक्त हुने पद, पदावली र वाक्य आदिलाई हटाउने प्रक्रिया लोप हो । पाठमा अभिव्यक्तिकर्ताले अघिल्लो वाक्यमा प्रयोग भएका कुनै भाषिक एकाइको प्रयोग पछिल्लो वाक्यमा नगरिए पनि उक्त भाषिक एकाइले बुझाउने अर्थ त्यसको सन्दर्भ प्रसङ्गबाट खुल्न गएमा त्यहाँ लोपको स्थिति हुन्छ । लोपले पनि अभिव्यक्तिलाई खुल्न गएमा त्यहाँ लोपको स्थिति हुन्छ । कुनै स्थितिमा लेखक र पाठक अथवा प्रस्तोता र बोद्धाको निकट स्थितिले गर्दा

अथवा सम्बद्ध र सन्दर्भगत समानताले गर्दा लोपको स्थिति देखा पर्दछ । पाठभित्र नामिक पदको लोप, क्रियाको लोप, उपवाक्यको लोप, संयोजकको लोप आदि हुन सक्छन् । यी लोप पनि पूर्ण र आंशिक रूपमा देखिन सक्छन् । अगाडि कुनै वाक्यमा नभएमा भाषिक एकाइ पछिल्ला वाक्यमा पनि नदेखिएको स्थितिमा पनि विशेष सन्दर्भले गर्दा अर्थबोध हुन गएमा त्यहाँ पूर्ण लोप हुन्छ भने अघिल्लो वाक्यमा आएका भाषिक एकाइ पछिल्ला वाक्यमा नदेखिएमा आंशिक लोप हुन्छ ।

**ख) कोशीय सम्बद्धक**

कोशीय सम्बद्धकलाई शाब्दिक सम्बद्धक पनि भनिन्छ । कोशीय शब्द भन्नाले खासगरी नाम, विशेषण र क्रियालाई चिनिन्छ । अनुकरणात्मक शब्दलाई पनि कोशीय शब्दभित्र नै राखेको पाइन्छ । कोशीय शब्द शब्दार्थका दृष्टिले सबल हुन्छन् । यिनको सङ्ख्या अनिश्चित हुन्छ । यस्ता कोशीय शब्द मुक्त वर्गका शब्द अन्तर्गत पर्दछनु । पाठमा यस्ता कोशीय शब्दलाई व्यवस्थित रूपले आपसमा मिलाएर राख्नाले कोशीय सम्बद्धकको सिर्जना हुन्छ । कोशीय सम्बद्धक निम्नलिखित रहेका छन् ।

**अ) पुनरावृत्ति**

कुनै खास कुरामा जोड दिने पदहरू वा ढाँचाहरूको पटक पटक हुने एकै किसिमको प्रयोग पुनरावृत्ति हो । सङ्कथनमा अघिल्लो वाक्यमा प्रयोग भएका भाषिक एकाइ पछिल्लो वाक्यमा पनि देखा परेमा त्यहाँ पुनरावृत्ति हुन्छ । अघिल्लो प्रसङ्ग र पछिल्लो प्रसङ्गलाई जोड्न पुनरावृत्तिले सहयोग पुऱ्याउँछ । सङ्कथनमा पद, पदावली, उपवाक्य र सिङ्गो वाक्यको समेत पुनरावृत्ति अन्तर्वाक्यीय र वाक्यान्तरित दुवै रूपमा देखापर्दछ ।

**आ) पर्यावाची**

एउटै अर्थ बुझाउने भिन्नै रूप भएका शब्द समूहलाई पर्यायवाची शब्द भनिन्छ । यसले सान्दर्भिक अर्थलाई प्रभावकारी बनाउँछ । सङ्कथनमा यिनले विचारको शृङ्खला निर्माणमा सहयोग प्ऱ्याउँछन् । कुनै शब्दको उस्तै अर्थ दिने शब्द भएको पर्याय हुन् । सङ्कथनलाई शृङ्खलित अर्थपूर्ण र अन्वितिपूर्ण बनाउन यस्ता शब्दले सहयोग पुऱ्याउँछन् ।

**इ) विपरीतार्थी**

पाठमा परस्पर विपरीत अर्थ दिने शब्दको पनि प्रयोग भएको हुन्छ । शब्दको उल्टो अर्थ दिने शब्दलाई विपरीतार्थी शब्द भनिन्छ । सङ्कथनमा यस्तो शब्दको प्रयोग कतिपय स्थानमा उपयुक्त तथा प्रभावकारी रहन्छ । विपरीतार्थी शब्द संरचना र अर्थका दृष्टिले भिन्न किसिमका हुन्छन् । विपरीतार्थी शब्द पनि तीन किसिमका हुन्छन् । यस्ता शब्दले सङ्कथनमा परस्पर जोर्नीको काम गरी अर्थगत अन्विति गराउने काम पनि गर्छन् ।

**ई) समावेशात्मककता**

कुनै भाषिक रूपको अर्थ अर्को भाषिक रूपमा समावेश गरिन्छ भने त्यसलाई समावेशात्मकता भनिन्छ । धेरैवटा पद वा पदावलीको अर्थ एउटै पदमा समावेश हुनु समावेशात्मकता हो । समावेशात्मकता अन्तर्गत समावेशक र समावेशित गरी दुईवटा शब्द प्रचलनमा रहेको पाइन्छ । समावेशात्मकताले धेरैवटा पदलाई आफूसँग समावेश गर्न सक्छ भने एउटै साझा गुणसँग समावेश हुन सक्ने पदलाई समावेशित भनिन्छ । केटो, बुढी, लोग्ने, राम आदि एउटै मान्छे शब्दभित्र समावेश हुन्छन् । यसले पनि सङ्कथनमा जोडकको भूमिका निर्वाह गर्ने भएकाले यसलाई सम्बद्धक मानिन्छ ।

**उ) सन्निधान**

कुनै पद, पदावली वा वाक्य खास सन्दर्भ वा पद, पदावली वा वाक्यसँग मात्र आउन सक्छन् भने तिनलाई सन्निधान भनिन्छ । कुनै एउटा खास शब्दको अर्थ अर्को कुनै खास शब्दको साथमा मात्र आउन सक्छ तर त्यही शब्द अर्को कुनै शब्दसँग प्रयुक्त हुँदा नमिल्ने स्थितिलाई सन्निधान भनिन्छ । जस्तै: स्वास्नीमान्छे र पत्नी मान्छे । त्यसैले सन्निधानले दुई शब्दलाई जोड्ने हुनाले सङ्कथनमा सम्बद्धकको भूमिका निर्वाह गरेको पाइन्छ ।

# अध्याय तीन

## अध्ययनको विधि र प्रक्रिया

### ३.१ अध्ययनको संरचना

प्रस्तुत अध्ययनमा **रातभरि हुरी चल्यो कथा कथाको विश्लेषण** गरिएको छ। सङ्कथन विश्लेषणका युक्तिहरू सम्बद्धक र सम्बद्धनलाई आधार बनाएर अध्ययन विश्लेषण गरिएको छ। प्रस्तुत शोधपत्र सम्पन्न गर्नका लागि पुस्तकालयीय स्रोतलाई मुख्य रूपमा उपयोग गरिएको छ। यो विश्लेषणात्मक प्रक्रियाको अध्ययन भएको छ। प्रस्तुत अध्ययन गुणात्मक प्रक्रियाको रहेको छ। प्रस्तुत शोधमा प्राथमिक स्रोतका लागि इन्द्रबहादुर राई र अन्यद्वारा लिखित कक्षा ११ को नेपाली पाठ्यपुस्तकभित्र रहेको **रातभरि हुरी चल्यो कथा** रहेको छ। यस अध्ययनमा पुस्तकालय पुस्तक, पत्रपत्रिका तथा सम्बन्धित शीर्षकमा अग्रजहरूद्वारा तयार पारिएको शोधहरूको अध्ययन एवम् विश्लेषण गरी निष्कर्ष निकालिएको छ।

### ३.२ जनसङ्ख्या र नमुना

प्रस्तुत शोधकार्यमा कक्षा ११ को नेपाली भाषा पाठ्यपुस्तकभित्र रहेको **रातभरि हुरी चल्यो कथा** सिङ्गो कृतिलाई नै यसको जनसङ्ख्या र नमुनाको रूपमा लिइएको छ।

### ३.३ तथ्याङ्कका सङ्कलनका स्रोतहरू

यस शोधकार्यमा तथ्याङ्कका स्रोत भनी प्राथमिक र द्वितीयक स्रोतलाई मानिएको छ :

#### ३.३.१ प्राथमिक स्रोत

यस शोधकार्यमा अनुसन्धान कार्यका लागि प्राथमिक स्रोतका रूपमा कथाकार इन्द्रबहादुर राईको **विपना कतिपय** कथासङ्ग्रहभित्रको **रातभरि हुरी चल्यो** कथा कथालाई लिइएको छ।

### ३.३.२ द्वितीयक स्रोत

प्रस्तुत शोधपत्रमा द्वितीयक स्रोतका रूपमा सङ्कथन विश्लेषणसँग सम्बन्धित साहित्यिक तथा समालोचनात्मक ग्रन्थहरू, विभिन्न सहयोगी पुस्तक, सैद्धान्तिक लेख पत्रपत्रिका, विद्वानहरूका लेख रचना तथा शोधपत्रहरूलार्य लिइएको छ ।

## ३.४ तथ्याङ्क सङ्कलन प्रक्रिया

प्रस्तुत शोधपत्रमा तथ्याङ्क सङ्कलन पुस्तकालयीय विधिद्वारा गरिएको छ ।

## ३.५ तथ्याङ्कको परीक्षण

प्रस्तुत अध्ययनमा तथ्याङ्कको परीक्षणका लागि सम्बन्धित विषयसँग सम्बन्धित भाषा विशेषज्ञ, सैद्धान्तिक विशेषज्ञ, विशेष विशेषज्ञ र विषय शिक्षकहरूबाट गरिएको छ ।

## अध्याय चार

## व्याख्या तथा विश्लेषण

### ४.१ परिचय

**रातभरि हुरी चल्यो कथा** कथाकार इन्द्रबहादुर राईद्वारा लिखित सामाजिक यथार्थवादी धारामा आधारित निम्न वर्गको पारिवारिक यथार्थलाई समेटी चित्रण गरिएको उत्कृष्ट रचना हो। यो अध्ययन यसै कथामा प्रयुक्त भएका सम्बद्धक र सम्बद्धनका आधारमा सङ्कथन विश्लेषण गर्नमा केन्द्रित रहेको छ।

### ४.२ 'रातभरि हुरी चल्यो' कथाका वाक्यहरूमा बीचमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण

**रातभरि हुरी चल्यो कथा**का वाक्यहरूमा बीचमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण निर्दिष्ट कथाका वाक्यहरूका बीचमा रहेका सम्बद्धकहरूको विश्लेषण गरिएको छ।

### ४.२.१ निर्दिष्ट कथाको पहिलो भागमा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण

१. छानामा ठोकेका मट्टीतेलका टिनहरूलाई हावाले फेरि 'खल्टाङ खल्टाङ खट् खट् खल्टाङ् खल्टाङ' गर्दै एकोहोरो तौरले हल्लाउन थालेको छ।

२. छप्परै उडाएर लैजाला भन्ने मनभित्रबाट डर लागेर आउँछ।

३. घरभित्र छिरेको हावा ढिब्रीको धमिलो उज्यालोमा कालेका बाबु र आमा दुवैले माथि धुरीतिर हेरे।

४. दाउरा बोकेको धुँवाले रङ्गिएका काला टिनहरू अहिले कुनै कुनैमा पानीका मसिना दानाहरू पसिना आएका देखिन्छन्।

५. धुपिस र पिपलीका उस्तै काला भाटाहरूले चारपाटे टिनका ती असी नब्बे टुक्राहरूलाई हावादेखि पक्रि राखेको छ।

६. "हावा पनि यै डाँडामा चैं कति चलेको। त्यसको सास।"

७. अलिक हावा मत्थर भएर टिन बज्न छोडेपछि कालेकी आमाले भनी अनि अगेनामा आगो पार्न लागी।

८. "पटक्क थामिँदैन !" कालेको बाबुले पनि भन्यो- "आज पुरा एक हप्ता भयो।" भनी सकेको पनि थिएन फेरि पानी ध-र-र-र वैरिन थाली हाल्यो ।

९. "पानी पर्दा अब फेरि पैराको डर !" भन्यो कालेको बाबुले- "यो चैं ठाउँमा बास बसाउन जानिएन रैछ।"

१०. पानी झन सारो दर्किन थाल्यो ।

११. छप्परमा टिन कराएको कान खाने आवाजमा अगेनामा आगोको ज्वाला लप्कँदै नाच्न लागेको छ ।

१२. अझ जोडले झरी परेपछि त छुट्टाछुट्टै थोप्लाका शब्दहरू सुनिन छोडेर एउटै लामो आवाज दररररररमा चारै दिशा डुब्यो ।

१३. अब सब बगाएर लैजान्छ, पहिरोले तान्छ, सब सोहोरेर माथिबाट छोप्ता यो घर पहिरोले लाँदै छ, हामीलाई तान्दै लाँदैछ जस्तो लाग्छ ।

१४. "हे महाकाल बाबा ! तिमी छौ राख्ने बचाउने !"

**तालिका सङ्ख्या १**

**निर्दिष्ट कथाको पहिलो भागमा प्रयुक्त शब्दहरूको पहिचान र विश्लेषण**

| वा.सं. | सम्बद्धक | प्रयुक्त शब्द |
|---|---|---|
| १ र २ | पुनरावृत्ति | छ |
| २ र ३ | संयोजन | भन्ने |
| ३ र ४ | संयोजन<br>स्थानिक | र<br>माथि |
| ४ र ५ | कालिक | अहिले |
| ५ र ६ | संयोजन<br>निपात<br>पुनरावृत्ति | र<br>ती<br>छ |
| ६ र ७ | संयोजन | पनि |
| ७ र ८ | संयोजन | अनि |
| ८ र ९ | संयोजन | पनि |

| | | |
|---|---|---|
| | कालिक<br>संयोजन | आज<br>र |
| ९ र १० | कालिक<br>सार्वनामिक | अब<br>यो |
| १० र ११ | - | - |
| ११ र १२ | पुनरावृत्ति | छ |
| १२ र १३ | सार्वनामिक | त |
| १३ र १४ | कालिक<br>सार्वनामिक<br>स्थानिक<br>स्थानिक<br>पुनरावृत्ति<br>सार्वनामिक | अब<br>यो<br>माथिबाट<br>घर<br>छ<br>हामीलाई |
| १४ र १५ | सार्वनामिक | तिमी |

माथिको तालिकामा उल्लेख भएअनुसार वा.सं. १ र २ का बीचमा एकपटक पुनरावृत्ति सम्बद्धकको प्रयोग भएको छ वा.सं. २ र ३ मा एकपटक संयोजन सम्बद्धकको प्रयोग भएको छ। वा.सं. ३ र ४ मा संयोजन र स्थानिक सम्बद्धकको प्रयोग भएको छ। वा.सं. ४८५ मा एकपटक कालिक सम्बद्धकको प्रयोग भएको छ। वा.सं. ५ मा एकपटक कालिक सम्बद्धकको प्रयोग भएको छ। वा.सं. ५ र ६ मा संयोजन, निपात र पुनरावृत्ति सम्बद्धकको प्रयोग भएको छ। वा.सं. ६ र ७ मा एकपटक संयोजन सम्बद्धकको प्रयोग भएको छ। वा.सं. ७ र ८ एकपटक संयोजन सम्बद्धकको प्रयोग भएको छ। वा.सं. ८ र ९ संयोजन, कालिक र संयोजन सम्बद्धकको प्रयोग भएको छ। वा.सं. ९ र १० मा कालिक र सार्वनामिक सम्बद्धकको प्रयोग भएको छ। वा.सं. १० र ११ मा कुनै पनि सम्बद्धकको प्रयोग भएको छैन। वा.सं. ११ र १२ मा एकपटक पुनरावृत्ति सम्बद्धकको प्रयोग भएको छ। वा.सं. १२ र १३ मा एकपटक सार्वनामिक सम्बद्धकको प्रयोग भएको छ। वा.सं. १३ र १४ मा कालिक, सार्वनामिक, स्थानिक, स्थानिक पुनवाृत्ति र सार्वनामिक सम्बद्धकको प्रयोग भएको छ। वा.सं. १४ र १५ मा एकपटक सार्वनामिक सम्बद्धकको प्रयोग भएको छ।

यसरी पहिलो भागमा संयोजकको बाहुल्य रहेको छ। यसरी अन्य विविध प्रकारका सम्बद्धकहरूको प्रयोगले कथालाई पठनयोग्य र सुगठित बनाएको छ।

### ४.२.२ निर्दिष्ट कथाको दोस्रो भागमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण

१५. बतासले हिर्काएर तेर्सो बाछिटा भित्ताको तखतामा ठोकिँदै छ।

१६. तखता जम्मै भित्रपट्टि पनि भिजिसकेको छ।

१७. सधैँ भित्तामा सटाइएको टाँड अलिक पर पानी नखस्ने ठाउँमा सारिएको छ।

१८. काले बहिनीलाई समातेर निदाएको छ।

१९. "तेरै जिद्धिले यस्तो ठाउँमा घर बनाएको!' लोग्नेले एकाएक झोक्किएर भन्यो- "नभएदेखि मजासँग पुलिस काम गरेर बजार बिचमा बिल्डिङमा बस्दै थियौं, हावाको डर न पहिरोको डर..." स्वास्नीले केही भनिन।

२०. "बडा बारी गर्ने भइसन्। ठुलो भाग खालिस्।" ऊ अझै फतफतायो रिसले।

२१. "तिमी जाऊ न सुत ढुक्कसँग..." कालेकी आमाले अहिले भनी- "असारे झरी यस्तै त हुन्छ, के गर्नु, वर्षैपिच्छे यस्तै हुन्छ, मयौं पहिराले भने भयौं भयौं, के गर्नु आयो भने...." काल खोज्न आइस् मर्छेसु पनि।"

२२. पानी अलि अलि कम हुँदै आयो।

२३. स्वास्नीले मगमा चिया दिई।

२४. निक्कै पर्न कम भएपछि बलेँसीदेखि पोखिएर खसेको पानी पनि सुनिन थाल्यो।

२५. चिया खाँदै उसले सोध्यो- "कति बज्यो होला ?"

२६. "खै कुन्नि कति बज्यो, बज्यो होला एघार बाह्र...." कालेकी आमाले भनी अनि 'हाइ' काढी दुई पल्ट।

२७. "अब त रहन्छ होला कि ?" "रहनुपर्ने ...." चिया खाइ सकेर ऊ उठ्यो।

२८. दैलोतिर जाँदा चुहेको पानी थापेको भाडा लात्तले हिर्काएछ पानी छताछुल्ल भयो।

२९. "कस्तो आँखा नहेरेको" भन्दै स्वास्नी चाहिँले बोरा ल्याएर ओछ्याई।

३०. उसले केही भनेन।

**तालिका सङ्ख्या २**

**निर्दिष्ट कथाको दोस्रो भागमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण**

| वा.सं. | सम्बद्धक | प्रयुक्त शब्द |
|---|---|---|
| १५ र १६ | पुनरावृत्ति | छ |
| १६ र १७ | संयोजन<br>पुनरावृत्ति | पनि<br>छ |
| १७ र १८ | पुनरावृत्ति | छ |
| १८ र १९ | पुनरावृत्ति | छ |
| १९ र २० | स्थानिक<br>संयोजन | घर<br>न |
| २० र २१ | सार्वनामिक | ऊ |
| २१ र २२ | संयोजन<br>स्थानिक<br>सार्वनामिक<br>सार्वनामिक<br>संयोजन<br>संयोजन | न<br>अहिले<br>त<br>के<br>भने<br>पनि |
| २२ र २३ | - | - |
| २३ र २४ | - | - |
| २४ र २५ | संयोजन | पनि |
| २५ र २६ | सार्वनामिक | उसले |
| २६ र २७ | संयोजन | अनि |
| २७ र २८ | कालिक<br>सार्वनामिक<br>सार्वनामिक | अब<br>त<br>ऊ |
| २८ र २९ | - | - |
| २९ र ३० | - | - |
| ३० र ३१ | सार्वनामिक | उसले |

माथिको तालिकामा उल्लेख भए अनुसार 'रातभरि हुरी चल्यो' कथाको दोस्रो भागको अनुच्छेदभित्रका वाक्य सङ्ख्या १५ र १६ मा एक पटक पुनरावृत्ति सम्बद्धकको प्रयोग गरिएको छ। वा.सं. १६८ र १७ मा संयोजन र पुनरावृत्ति सम्बद्धकको प्रयोग गरिएको छ। वा.सं. १७ र १८ एकपटक पनुरावृत्तिको सम्बद्धकको प्रयोग गरिएको छ। वा.सं. १८ र १९ मा एकपटक पुनरावृत्ति सम्बद्धकको प्रयोग गरिएको छ। वा.सं. १९ र २० मा स्थानिक र संयोजन सम्बद्धकको प्रयोग गरिएको छ। वा.सं. २१ र २२ मा संयोजन, स्थानिक, सार्वनामिक, संयोजन र संयोजनको प्रयोग गरिएको छ। वा.सं. २२ र २३ मा कुनै पनि सम्बद्धकको प्रयोग गरिएको छैन। वा.सं. २३ र २४ मा पनि कुनै पनि सम्बद्धकको प्रयोग भएको छैनन्। वा.सं. २४ र २५ मा एकपटक संयोजनको प्रयोग भएको छ। वा.सं. २५ र २६ मा एकपटक सार्वनामिक सम्बद्धकको प्रयोग भएको छ। वा.सं. २६ र २७ मा एकपटक संयोजनको प्रयोग भएको छ। वा.सं. २८ र २९ मा कुनै पनि सम्बद्धकको प्रयोग भएको छैन। वा.सं. ३० र ३१ मा एकपटक सार्वनामिक सम्बद्धकको प्रयोग भएको छ। यसरी दोस्रो भागमा पुनरावृत्ति, संयोजन, स्थानिक, सार्वनामिक, कालिक सम्बद्धकहरूको प्रयोग भएको छ। यहाँ सार्वनामिक, संयोजन र पुनरावृत्ति सम्बद्धकहरूको बढी प्रयोग भएको छ।

### ४.२.३ निर्दिष्ट कथाको तेस्रो भागमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण

३१. दैलो खोलेर बाहिर अँध्यारोमा सुन्दा रुङदुङ खोला भयानक तौरले पाखै थर्काएर गर्जदै रहेछ।

३२. बिच बिचमा अरु किसिमको आवाज पनि भएको जस्तो लाग्दा उसले खोलाले सिङ्गै माटोले खोलाको पानी जम्मै पहेँलो भएको अन्दाज काट्यो।

३३ं अँध्यारो चाहिँ आफ्नो हात नदेखिने अँध्यारो छ।

३४. फर्केर घरभित्र नपसी उसले फेरि बाहिर अँध्यारोदेखि नै स्वास्नीलाई करायो "टस ल्याउ, टस !"

३५. सिरान मुनिदेखि झिकेर कालेकी आमाले पुरानो कालो टर्च लाइट पुऱ्याइ दिई।

३६. "गोठको च्यादरहरू सब उडाइ देको छ" भन्दै कालेको बाबु टर्च बालेर घरमुनि झऱ्यो।

३७. आँखा आकारको टर्चको ज्योति भिजेको भुइँ र घाँसतिर देखियो।

३८. कालेकी आमा पछि पछि आई।

३९. गोठमा पस्दा भुइँमा थ्याच्च शरीर टेकाएर बसिरहेको गाई जुरुक्क उठ्यो औ एकपटक 'बाँ' करायो ।

४०. छानादेखि चुहेको पानीले गाइको पिठिउँ भिजेको छ औ रौंहरू सब टाँसिएका छन् ।

४१. उडाएका टुक्रा च्यादरहरू बटुलेर कालेको बाबु गोठको छप्परमा चढ्यो ।

४२. टिनहरू मिलाएर ढुङ्गाले थिच्न थाल्यो ।

४३. सिमसिमे पानी परिरहेकै थियो ।

**तालिका सङ्ख्या ३**

**निर्दिष्ट कथाको तेस्रो भागमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण**

| वा.सं. | सम्बद्धक | प्रयुक्त शब्द |
|---|---|---|
| ३१ र ३२ | स्थानिक | बाहिर |
| ३२ र ३३ | संयोजन<br>सार्वनामिक | पनि<br>उसले |
| ३३ र ३४ | संयोजन<br>कालिक<br>पुनरावृत्ति | पा<br>अँध्यारो<br>छ |
| ३४ र ३५ | सार्वनामिक<br>स्थानिक | उसले<br>बाहिर |
| ३५ र ३६ | - | - |
| ३६ र ३७ | पुनरावृत्ति | छ |
| ३७ र ३८ | संयोजन | र |
| ३८ र ३९ | - | - |
| ३९ र ४० | - | - |
| ४० र ४१ | पुनरावृत्ति | छ |
| ४१ र ४२ | - | - |
| ४२ र ४३ | - | - |
| ४३ र ४४ | - | - |

माथिको तालिकामा उल्लेख भएअनुसार वा.सं. ३१ र ३२ मा एक स्थानिक सम्बद्धकको प्रयोग गरिएको छ। वा.सं. ३२ र ३३ मा संयोजन, सार्वनामिक र संयोजन सम्बद्धकको प्रयोग गरिएको छ। वा.सं. ३३ र ३४ मा कालिक र पुनरावृत्ति सम्बद्धकको प्रयोग गरिएको छ। वा.सं. ३४ र ३५ मा सार्वनामिक र स्थानिक सम्बद्धकको प्रयोग गरिएको छ। वा.सं. ३५ र ३६ मा कुनै पनि सम्बद्धकको प्रयोग गरिएको छैन। वा.सं. ३६ र ३७ मा एक पुनरावृत्ति सम्बद्धकको प्रयोग गरिएको छ। वा.सं. ३७ र ३८ मा एक संयोजन सम्बद्धकको प्रयोग गरिएको छ। वा.सं. ३८ र ३९ मा कुनै पनि सम्बद्धकको प्रयोग गरिएको छैन। वा.सं. ४० र ४१ मा एक पुनरावृत्ति सम्बद्धकको प्रयोग गरिएको छ। वा.सं. ४१ र ४२ मा कुनै पनि सम्बद्धकको प्रयोग गरिएको छैन। वा.सं. ४२ र ४४ मा कुनै पनि सम्बद्धकको प्रयोग गरिएको छैन।

यस वाक्य सङ्ख्या श्रेणीमा स्थानिक, संयोजन, सार्वनामिक, कालिक र पुनरावृत्ति सम्बद्धकहरूको प्रयोगले कथालाई सुगठित पारी पठन योग्य बनाएको पाइन्छ।

### ४.२.४ निर्दिष्टि कथाको चौंथो भागमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण

४४. कालेकी आमाले भुइँमा खोजेर एउटा ठूलो लेउ परेको चुच्चे ढुङ्गा उखेलेर छप्परमा लोग्नेलाई चढाइ दिई।

४५. त्यसलाई छप्परमा लाएपछि उसलाई लोग्नेले भन्यो- "तिमी जाऊ, निकै बाक्लो पर्न थाल्यो फेरि।

४६. म अलिकति घाँस लाइदिएर आउँछु।

४७. 'अब हिँड न सँगै...' स्वास्नीले। कालेकी आमा पर्खि रही।

४८. "तिमी घाँस हाल्दै गर तब, म यत्ति मिलाएर ..... ए, टस मिलाई कसले देखाइ दिन्छ ? ..... पर्ख पर्ख अब सकि हालेँ ...।'

४९. पर्खदा पर्दखै कालेकी आमाको अनुहारभरि र मजेत्रोलाई पनि छिचोलेर पानी बग्न थाल्यो।

५०. बल्ल बल्ल सकेर कालेको बाबु झऱ्यो।

५१. हतार हतार घाँस हालेर दुवै घरमा पसे।

५२. पानी फेरि मच्चिँदै आयो।

५३. लुगा फेरेपछि दुवै नाटकमा माग्नेको पाठ खेल्न तथा भएका जस्ता देखिए ।

५४. जुलुलु आगो फुकेर दुवै सुक्न र सेकिन लागे ।

५५. "चिया छ ?" उसले फेरि सोध्यो ।

५६. "अब नसुत्ने र ?" उत्तरमा प्रश्न भयो ।

५७. "तिमी सुत मलाई चिया बसाइ राखिदेऊ ।"

५८. कालो कित्ली तानेर कालेकी आमाले त्यसमा मगले उघाएर पानी हाल्न प्याली ।

५९. "भरी बसाइ देऊ ।" उसले फेरि भन्यो ।

६०. स्वास्नीले त्यसैगरी ।

**तालिका सङ्ख्या ४**

**निर्दिष्ट कथाको चौंथो भागमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण**

| वा.सं. सम्बद्धक | प्रयुक्त | प्रयुक्त शब्द |
|---|---|---|
| ४४ र ४५ | - | - |
| ४५ र ४६ | सार्वनामिक | तिमी |
| ४६ र ४७ | सार्वनामिक | म |
| ४७ र ४८ | कालिक<br>संयोजन | अब<br>न |
| ४८ र ४९ | कालिक<br>सार्वनामिक<br>कालिक | तब<br>म<br>अब |
| ४९ र ५० | संयोजन<br>संयोजन | र<br>पनि |
| ५० र ५१ | - | - |
| ५१ र ५२ | स्थानिक | घरमा |
| ५२ र ५३ | - | - |
| ५३ र ५४ | सार्वनामिक | भएका |

| | | |
|---|---|---|
| ५४ र ५५ | संयोजन | र |
| ५५ र ५६ | पुनरावृत्ति | छ |
| ५६ र ५७ | सार्वनामिक<br>कालिक<br>संयोजन | उसले<br>अब<br>र |
| ५७ र ५८ | सार्वनामिक | तिमी |
| ५८ र ५९ | - | - |
| ५९ र ६० | सार्वनामिक | उसले |
| ६० र ६१ | - | - |

माथिको तालिकाअनुसार वा.सं. ४४ र ४५ मा कुनै पनि सम्बद्धकको प्रयोग गरिएको छैन । वा.सं. ४५ र ४६ मा एकपटक सार्वनामिक सम्बद्धकको प्रयोग गरिएको छ । वा.सं. ४६ र ४७ मा एकपटक सार्वनामिक सम्बद्धकको प्रयोग गरिएको छ । वा.सं. ४७ र ४८ मा कालिक र संयोजन सम्बद्धकको प्रयोग गरिएको छ । वा.सं. ४९ र ५० मा दुईपटक संयोजनको प्रयोग गरिएको छ । वा.सं. ५० रु ५१ मा कुनै पनि सम्बद्धकको प्रयोग गरिएको छैन । वा.सं. ५१ र ५२ मा एकपटक स्थानिक सम्बद्धकको प्रयोग गरिएको छ । वा.सं. ५२ र ५३ मा कुनै पनि सम्बद्धकको प्रयोग गरिएको छैन । वा.सं. ५३ र ५४ मा सार्वनामिक सम्बद्धकको प्रयोग गरिएको छ । वा.सं. ५४ र ५५ मा संयोजन सम्बद्धकको प्रयोग गरिएको छ । वा.सं .५५ र ५६ मा पुनरावृत्ति र सार्वनामिक सम्बद्धकको प्रयोग गरिएको छ । वा.सं. ५६ र ५७ मा कालिक र संयोजन सम्बद्धकको प्रयोग गरिएको छ । वा.सं. ५७ र ५८ मा एकपटक सार्वनामिक सम्बद्धकको प्रयोग गरिएको छ । वा.सं. ५८ र ५९ मा कुनै पनि सम्बद्धकको प्रयोग गरिएको छैन । वा.सं. ५९ र ६० एकपटक सार्वनामिक सम्बद्धकको प्रयोग गरिएको छ । वा.सं. ६० र ६१ मा कुनै पनि सम्बद्धकको प्रयोग गरिएको छैन । यसरी वाक्यात्मक संरचनालाई परिपूर्णता प्रदान गर्न सार्वनामिक सम्बद्धकको बाहुल्य तथा कालिक, संयोजन, स्थानिक, पुनरावृत्ति सम्बद्धकहरूको भाषिक जोर्नीका रूपमा प्रयोग भएका छन् ।

### ४.२.५ निर्दिष्ट कथाको पाचौं भागमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण

६१. कालेको बाबु उँभो छप्परतिर हेर्दै थियो, फेरि उठ्यो <u>अनि</u> दाम्लो बनाउन ल्याएर सिउरि राखेको डोरी झिकेर बलोमा बाँध्न लाग्यो ।

६२. अर्को छेउ भुइँमा कहाँ बाँधू भनेर खोज्दै, जाँतो देख्यो ।

६३. "त्यो ल्याऊ..." "किन" ?

६४. "हावाले कस्तो गर्छ ।"

६५. कालेकी आमाले केही भन्न सकिन ।

६६. कुदाउँदै लगेर जाँतो खुट्टानेर पुऱ्याई दिई ।

६७. डोरीको लठारो जाँतोमा फसेपछि कालेको बाबु केही निश्चय भयो ।

६८. कित्लीमा चिया रङ छ्वास्स हालि राखिदिएर कालेकी आमा त्यहीँ टाँडमा सुत्न चढी ।

६९. कालेको बाबु एक्लै विचारमा पऱ्यो ।

७०. चिया उम्लेर कित्लिको टुटीदेखि फिँजदार पानी आगोमा खस्दा मात्र ऊ झस्कियो विचारदेखि ।

७१. चिया बनाउँदै थियो, हुरुरुरु एकपल्ट हावा चल्यो अनि छप्परमा ठङ्ग केही आएर खस्यो ।

७२. उत्तिसको टुप्पो हो कि ? तर कालेको बाबु एकदम तर्सियो ।

७३. हावापानी नचलेर शान्ति जस्तो भएपछि बत्ती त्यत्तिकै नमारी ऊ पनि ओछ्यानमा सुत्न गयो ।

७४. दिउँसो छरेको मुलाको बिउ सब बगायो होला, उसले सम्झयो- गराको डिल भत्केर कति सयपत्रीका बोटहरू पनि भाँचिए होला ।

७५. भोलि बिहान उठेर पहिला काम घरमाथि भीमसेन पातीको झ्याङदेखि उता कुलो काटेर लैजानुपर्छ ।

**तालिका सङ्ख्या ५**

**निर्दिष्ट कथाको पाचौं भागमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण**

| वा.सं. | सम्बद्धक | प्रयुक्त शब्द |
|---|---|---|
| ६१ र ६२ | संयोजन | अनि |
| ६२ र ६३ | - | - |
| ६३ र ६४ | सार्वनामिक<br>प्रश्नवाचक | त्यो<br>किन |
| ६४ र ६५ | - | - |
| ६५ र ६६ | सार्वनामिक | केही |

| | | |
|---|---|---|
| ६६ र ६७ | - | - |
| ६७ र ६८ | सार्वनामिक | केही |
| ६८ र ६९ | सार्वनामिक | त्यही |
| ६९ र ७० | - | - |
| ७० र ७१ | सार्वनामिक | ऊ |
| ७१ र ७२ | संयोजन | अनि |
| ७२ र ७३ | प्रश्नवाचक<br>संयोजन | कि<br>तर |
| ७३ र ७४ | सार्वनामिक<br>संयोजन | ऊ<br>पनि |
| ७४ र ७५ | सार्वनामिक<br>संयोजन | उसले<br>पनि |
| ७५ र ७६ | कालिक<br>कालिक | भोलि<br>बिहान |

माथिको तालिकाअनुसार पाठ्यसङ्ख्या ६१ र ६२ मा एकपटक संयोजन सम्बद्धकको प्रयोग भएको छ। वा.सं. ६२ र ६३ मा कुनै पनि सम्बद्धकको प्रयोग भएको छैन। वा.सं. ६२ र ६३ मा कुनै पनि सम्बद्धकको प्रयोग भएको छैन। वा.सं. ६३ र ६४ मा सार्वनामिक र प्रश्नवाचक सम्बद्धकको प्रयोग भएको छ। वा.सं. ६४ र ६५ मा कुनै पनि सम्बद्धकको प्रयोग भएको छैन। वा.सं. ६५ र ६६ मा एकपटक सार्वनामिक सम्बद्धकको प्रयोग भएको छ। वा.सं. ६६ र ६७ मा कुनै पनि सम्बद्धकको प्रयोग भएको छैन। वा.सं. ६७ र ६८ मा एकपटक सार्वनामिक सम्बद्धकको प्रयोग भएको छ। वा.सं. ६८ र ६९ मा एकपटक सार्वनामिक सम्बद्धकको प्रयोग भएको छ। वा.सं. ६९ र ७० मा कुनै पनि सम्बद्धकको प्रयोग भएको छैन। वा.सं. ७० र ७१ मा एकपटक सार्वनामिक सम्बद्धकको प्रयोग भएको छ। वा.सं. ७१ र ७२ मा एकपटक संयोजनको प्रयोग भएको छ। वा.सं. ७२ र ७३ मा प्रश्नवाचक र संयोजन सम्म्बद्धकको प्रयोग भएको छ। वा.सं. ७३ र ७४ मा सार्वनामिक र संयोजन सम्बद्धकको प्रयोग भएको छ। वा.सं. ७४ र ७५ मा सार्वनामिक र संयोजन सम्बद्धकको प्रयोग भएको छ। वा.सं. ७५ र ७६ मा दुईपटक कालिक सम्बद्धकको प्रयोग भएको छ।

यसरी प्रस्तुत भागमा प्रयोग भएका सम्बद्धकहरूले भाषिक जोर्नीको भूमिका निर्वाह गरी पाठलाई अन्वितिपूर्ण बनाउन सहयोगीको काम गरेका छन् ।

### ४.२.६ निर्दिष्ट कथाको छैटौं भागमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण

७६ अलिकति निदाएको थियो कि ? बिउँझदा कता हो कता हावापानी फेरि चल्दै रहेछ ।

७७. धेरै उडाउला जस्तो गर्दै छ, जुरुक जुरुक उचाल्दै छ ।

७८. वरिपरिका रुखहरूमा ठोकिएर बजेको हावापानी भयानक भएर गर्दर्दै छ ।

७९. उसले स्वास्नीलाई बिउँझायो- “सारो हुरी चल्यो, कसो गर्नु हँ माइली ?” कालेकी आमाले जवाफ गर्न पाएकै थिएन, धडडड गरेर घरको भइँ सब हल्लियो ।

८०. “के भयो, उठ उठ... टर्च टिपेर ऊ दैलो खोल्न पुग्यो ।

८१. कालेकी आमा पनि आएर पछिल्तिर उभिई ।

८२. टर्च लाएर राम्ररी हेर्दा आँगनको एक पाखै ह्वात्तै धस्केर गएछ ।

८३. एउटा किम्बुको रुख पनि विस्तारै ढल्केर त्यै पहिरो गएको माथि लड्यो ।

८४. “अब कसो गर्नु होला ....” ऊ डराएर रोई ।

८५. “तिमी जाऊ । केटाकेटीलाई उठाऊ ।”

८६. दृष्टिको आवाजलाई उछिनेर उसले स्वास्नीलाई अह्रायो ।

८७. स्वास्नी गएपछि टर्च मारेर ऊ दैलोमो उभिरह्यो, हेरिरह्यो ।

८८. अहिले कता कता त्यो दृष्टि र कुइरोभित्र उसलाई बिहान हुँदै आएको आशाको धमिलो प्रकाश देखेजस्तो लाग्यो ।

८९. शङ्काको निवारणमा घरभित्र डोकाले छोपेको ठूलो भाले पखेटा भ्याटभ्याट गर्दै बास्यो ‘कुखुरी काँ’, ‘कुखुरी-इ-इ-इ-काँ-ाँ-ाँ-ाँ ।’

**तालिका सङ्ख्या ६**

**निर्दिष्ट कथाको छैटौं भागमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण**

| वा.सं. | सम्बद्धक | प्रयुक्त शब्द |
|---|---|---|
| ७६ र ७७ | प्रश्नवाचक<br>स्थानिक | कि<br>कता |
| ७७ र ७८ | स्थानिक<br>पुनरावृत्ति | घरै<br>छ |

| | | |
|---|---|---|
| ७८ र ७९ | पुनरावृत्ति | छ |
| ७९ र ८० | सार्वनामिक<br>स्थानिक | उसले<br>घरको |
| ८० र ८१ | सार्वनामिक<br>सार्वनामिक | ऊ<br>के |
| ८१ र ८२ | संयोजन | पनि |
| ८२ र ८३ | - | - |
| ८३ र ८४ | संयोजन<br>सार्वनामिक | पनि<br>त्यै |
| ८४ र ८५ | कालिक<br>सार्वनामिक | अब<br>ऊ |
| ८५ र ८६ | सार्वनामिक | तिमी |
| ८६ र ८७ | सार्वनामिक | उसले |
| ८७ र ८८ | सार्वनामिक | ऊ |
| ८८ र ८९ | कालिक<br>स्थानिक<br>सार्वनामिक<br>संयोजन | अहिले<br>कता<br>त्यो<br>र |
| ८९ र ९० | स्थानिक | घरभित्र |

माथिको तालिकाअनुसार वा.सं. ७६ र ७७ मा प्रश्नवाचक र स्थानिक सम्बद्धकको प्रयोग गरिएको छ। वा.सं. ७७ र ७८ मा स्थानिक र पुनरावृत्ति सम्बद्धकको प्रयोग गरिएको छ। वा.सं. ७८ र ७९ मा एकपटक पुनरावृत्ति प्रयोग गरिएको छ। वा.सं. ७९ र ८० मा सार्वनामिक र स्थानिक सम्बद्धकको प्रयोग गरिएको छ। वा.सं. ८० र ८१ मा दुईपटक सार्वनामिक सम्बद्धकको प्रयोग गरिएको छ। वा.सं. ८१ र ८२ मा एकपटक संयोजन सम्बद्धकको प्रयोग गरिएको छ। वा.सं. ८२ र ८३ मा कुनै पनि सम्बद्धकको प्रयोग गरिएको छैन। वा.सं. ८३ र ८४ मा संयोजन र सार्वनामिक सम्बद्धकको प्रयोग गरिएको छ। वा.सं. ८४ र ८५ मा कालिक र सार्वनामिक सम्बद्धकको प्रयोग गरिएको छ। वा.सं. ८५ र ८६

मा एकपटक सार्वनामिक सम्बद्धकको प्रयोग गरिएको छ। वा.सं. ८७ र ८८ मा एकपटक सार्वनामिक सम्बद्धकको प्रयोग गरिएको छ। वा.सं. ८८ र ८९ मा कालिक, स्थानिक, सार्वनामिक र संयोजन सम्बद्धनको प्रयोग गरिएको छ। वा.सं. ८९ र ९० मा एकपटक स्थानिक सम्बद्धकको प्रयोग गरिएको छ।

यस वाक्य सङ्ख्या श्रेणीमा सार्वनामिक सम्बद्धकको बाहुल्य रहेको छ। त्यस्तै प्रश्नवाचक, स्थानिक, पुनरावृत्ति, संयोजन कालिक आदि विविध सम्बद्धकको प्रयोग भई पाठलाई सुललित बनाउने काम गरेका छन्।

### ४.२.७ निर्दिष्ट कथाको सातौं भागमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण

९०. बिहान दुधको ढुङ्ग्रो काँधमा बोकेर बजार जाँदै गरेकी कालेकी आमालाई बोराको घुम ओढेर फरुवाले आँगनमा भल काट्दै गरेको कालेले कराएर सम्झायो- "काँटी, लामो काँटी ल्याउन नभुल्नु है, यहाँ दिनभरि सब ठोक्नुपर्छ।"

९१. "सासे पानी पऱ्यो भने काले स्कुल नजाओस् आज" भनि राखेर ऊ उकालो आई।

९२. आउँदा एक ठाउँ ढिस्कुना झरेर बाटो पनि रोकिएको रहेछ।

९३. बिहान सधैं बाटोमा भेटिने कसैलाई पनि उसले आज भेटिन।

९४. डेढ घण्टा जति पछि ऊ कचहरीनेर मोक्तान बाबुको दैलोमा आइ पुगी।

९५. यहाँ आधा सेर खान्थ्यो।

९६. दुध भर्दै गर्दा "भित्र आएर बस न है एक छिन, एक प्याला तातो चिया खाएर जाऊ" भनेर भरखरकी केटी राम्री बाबुनीले दया देखाई।

९७. छाता मारेर दैलोमो ठड्याई कालेकी आमा भित्र पसी।

९८. "के सारो चल्यो हावापानी रातभरि..." कालेकी आमाले भनी - "हामी त रातभरि झिमिक्क गरेका छैनौं।

९९. "हामी पनि त !" बाबुनीले भनी- "रातभरि हावाले यो खिर्की घिटिक घिटिक हल्लाई रह्यो- मलाई त निद्रै लागेन।

१००. कस्तो चलेको त्यस्तो ।

१०१. “ए त्यति मात्रै पो ?” काली काली अनुहारकी गतिलो शरीर भएकी चालिस पुग्न आटेकी कालेकी आमाले उपहासमा भनी “हाम्रो झण्डै घरै उडाएको हावाले ।

१०२. यहाँ त के, पैरोको डर छैन तिमारलाई ।

१०३. हाम्रो आँगनै जम्मै लग्यो ।

१०४. अब घरै लान लागेको छ ।

१०५. पानी पऱ्यो भन्न पाउदैनौं हामी...” “भन्नु मात्रै त हामीलाई राम्रो छ नि बाबुनीले साँच्चै सहानुभूतिमा भनी- “छप्पर चुहिएर लुगाहरू किताबहरू सब बिगारि दिएको छ । यै बेला बिजुली बन्द हुन्छ ...।”

१०६. “हैन हैन हामीलाई हेरी केही आपद छैन तिमारलाई । ...इ”

१०७. अब पानी पऱ्यो कि म याँ छु, घरमा के भयो होला भनेर मन भुटभुटिन थालि हाल्यो ।

१०८. मेरा मकैहरू पनि सब भाँचि दियो हिजोको हावाले, क्यै राखि दिएन...” कालेकी आमा त्यहाँदेखि निस्की, अरुतिर दुध बाँड्दै गई ।

**तालिका नं. ७**

**निर्दिष्ट कथाको सातौं भागमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण**

| वा.सं. | सम्बद्धक | प्रयुक्त शब्द |
|---|---|---|
| ९० र ९१ | कालिक<br>स्थानिक<br>स्थानिक<br>स्थानिक | बिहान<br>बजार<br>आँगनमा<br>यहाँ |
| ९१ र ९२ | स्थानिक<br>कालिक<br>सार्वनामिक | स्कुल<br>आज<br>ऊ |
| ९२ र ९३ | स्थानिक | बाटो |

| | | |
|---|---|---|
| | संयोजन | पनि |
| ९३ र ९४ | कालिक<br>स्थानिक<br>संयोजन<br>कालिक | बिहान<br>बाटोमा<br>पनि<br>आज |
| ९४ र ९५ | सार्वनामिक | ऊ |
| ९५ र ९६ | स्थानिक | यहाँ |
| ९६ र ९७ | स्थानिक<br>संयोजन | भि<br>न |
| ९७ र ९८ | स्थानिक | भित्र |
| ९८ र ९९ | सार्वनामिक<br>कालिक<br>सार्वनामिक | के<br>रातभरि<br>हामी, त |
| ९९ र १०० | सार्वनामिक<br>संयोजन<br>सार्वनामिक<br>कालिक<br>सार्वनामिक<br>सार्वनामिक | हामी<br>पनि<br>त<br>रातभरि<br>यो<br>त |
| १०० र १०१ | - | - |
| १०१ र १०२ | सार्वनामिक<br>प्रश्नवाचक<br>स्थानिक | त्यति<br>पो<br>घरै |
| १०२ र १०३ | सार्वनामिक<br>सार्वनामिक | त<br>के |
| १०३ र १०४ | सार्वनामिक | हाम्रो |
| १०४ र १०५ | कालिक<br>स्थानिक | अब<br>घरै |

| | | |
|---|---|---|
| | पुनरावृत्ति | छ |
| १०५ र १०६ | सार्वनामिक<br>सार्वनामिक<br>पुनरावृत्ति<br>सार्वनामिक | हामी<br>त<br>छ<br>यै |
| १०६ र १०७ | सार्वनामिक<br>सार्वनामिक | हामीलाई<br>केही |
| १०७ र १०८ | कालिक<br>प्रश्नवाचक<br>सार्वनामिक<br>स्थानिक<br>सार्वनामिक | अब<br>कि<br>म<br>घरमा<br>के |
| १०८ र १०९ | संयोजन | पनि |

माथिका तालिका अनुसार वा.सं. ९० र ९१ मा एक कालिक र तिन स्थानिक सम्बद्धकको प्रयोग गरिएको छ। वा.सं. ९१ र ९२ मा स्थानिक, कालिक र सार्वनामिक सम्बद्धकको प्रयोग गरिएको छ। वा.सं. ९२ र ९३ मा स्थानिक र संयोजन सम्बद्धकको प्रयोग गरिएको छ। वा.सं. ९३ र ९४ मा दुई कालिक, स्थानिक र संयोजन सम्बद्धकको प्रयोग गरिएको छ। वा.सं. ९४ र ९५ मा एकपटक सार्वनामिक सम्बद्धकको प्रयोग गरिएको छ। वा.सं. ९५ र ९६ मा एकपटक स्थानिक सम्बद्धकको प्रयोग गरिएको छ। वा.सं. ९६ र ९७ मा स्थानिक र संयोजन सम्बद्धकको प्रयोग गरिएको छ। वा.सं. ९७ र ९८ एकपटक स्थानिक सम्बद्धकको प्रयोग गरिएको छ। वा.सं. ९८ र ९९ मा दुई सार्वनामिक र एक कालिक सम्बद्धकको प्रयोग गरिएको छ। वा.सं. ९९ र १०० मा चार पटक सार्वनामिक एकपटक कालिक र एकपटक संयोजन सम्बद्धकको प्रयोग गरिएको छ। वा.सं. १०० र १०१ मा कुनै पनि सम्बद्धकको प्रयोग गरिएको छैन। वा.सं. १०१ र १०२ मा सार्वनामिक, प्रश्नवाचक र स्थानिक सम्बद्धकको प्रयोग गरिएको छ। वा.सं. १०२ र १०३ मा दुईपटक सार्वनामिक सम्बद्धकको प्रयोग गरिएको छ। वा.सं. १०३ र १०४ मा सार्वनामिक

सम्बद्धकको प्रयोग गरिएको छ। वा.सं. १०४ र १०५ मा कालिक, स्थानिक, पुनरावृत्ति सम्बद्धकको प्रयोग गरिएको छ। वा.सं. १०५ र १०६ मा तीनपटक सार्वनामिक सम्बद्धक र एकपटक पुनरावृत्ति सम्बद्धकको प्रयोग गरिएको छ। वा.सं. १०६ र १०७ मा दुईपटक सार्वनामिक सम्बद्धकको प्रयोग गरिएको छ। वा.सं. १०७ र १०८ मा दुईपटक सार्वनामिक र एकपटक प्रश्नवाचक र स्थानिक सम्बद्धकको प्रयोग गरिएको छ। वा.सं. १०८ र १०९ मा एकपटक संयोजन सम्बद्धकको प्रयोग गरिएको छ।

यस वाक्य श्रेणीमा सार्वनामिक सम्बद्धकको बाहुल्य रहेको छ। यसका साथै स्थानिक सम्बद्धक, संयोजन सम्बद्धक, कालिक सम्बद्धक, पुनरावृत्ति र प्रश्नवाचक सम्बद्धकले पाठलाई सुललित बनाउने काम गरेका छन्।

### ४.२.८ निर्दिष्ट कथाको आठौं भागमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण

१०९. 'व्यर्थैमा हामीले बारी गर्ने भएर यो आपद बेसाएको उसको मनमा लाग्दै आयो- नत्र सुखसँग बजारमै बसेका थियौं।

११०. महिना मर्नासाथ तलब पाउँथ्यो, सुरुबुरु पुगेकै थियो।

१११. केटाकेटीलाई स्कुल जान नजिक, पानी भर्न जानलाई सिकसिको थिएन, सडक सजिलो राम्रो, न हावाको डर न पहिरोको डर।

११२. बित्थैमा नदुखेको कपाल बारी लिने भएर दुखाएको .... यो बारी लिएको दिनदेखि फुर्सदको नाम छैन आफूलाई।

११३. औंलाहरू हँसियाले काटेर, हत्केला गोबर र धुलाले चिरिएर देखाइ सक्नु छैन।

११४. जिउ राम्रो भएर गइसक्यो।

११५. एक दिन घर छाड्न सकिँदैन, टाढा घुम्न जाने कुरा त असम्भवको इच्छा।

११६. यत्तिकै जोतिएर मर्नुपर्छ... यति जोतिएर मरि रहेको खाली यति खान र यति नै लाउनलाई न हो ?

११७. फेरि खान पनि के खाएका छौं औ लाउन पनि के लाएका छौं र ?

११८. अरुले देख्दा भनेर यो खाने कुरा लुकाउनुपर्छ, यस्तो लाएर सहरमा अरुसँग उभिन सरम लाग्छ... उसको मनमा अनेक रिसहरूको हुरी चल्यो।

११९. ऊ अब थानको दोरङ्गीकहाँ दुध दिन पुगी।

**तालिका सङ्ख्या ८**

**निर्दिष्ट कथाको आठौं भागमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण**

| वा.सं. | सम्बद्धक | प्रयुक्त शब्द |
|---|---|---|
| १०९ र ११० | सार्वनामिक<br>सार्वनामिक<br>सार्वनामिक | हामीले<br>यो<br>उसको |
| ११० र १११ | कालिक | महिना |
| १११ र ११२ | स्थानिक<br>स्थानिक<br>संयोजन | स्कुल<br>सडक<br>न |
| ११२ र ११३ | सार्वनामिक<br>सार्वनामिक | यो<br>आफूलाई |
| ११३ र ११४ | संयोजन | र |
| ११४ र ११५ | - | - |
| ११५ र ११६ | स्थानिक<br>सार्वनामिक | घर<br>त |
| ११६ र ११७ | सार्वनामिक<br>संयोजन<br>संयोजन | यति<br>र<br>न |
| ११७ र ११८ | संयोजन<br>सार्वनामिक<br>संयोजन<br>सार्वनामिक<br>संयोजन | पनि<br>के<br>पनि<br>के<br>र |
| ११८ र ११९ | सार्वनामिक<br>स्थानिक<br>सार्वनामिक<br>सार्वनामिक | यो<br>सहरमा<br>अरुसँग<br>अरुको |
| ११९ र १२० | सार्वनामिक<br>कालिक | ऊ<br>अब |

प्रस्तुत तालिका अनुसार वा.सं. १०९ र ११० मा तिनपटक सार्वनामिक सम्बद्धकको प्रयोग भएको देखिन्छ। सम्बद्धकको प्रयोग भएको देखिन्छ। वा.सं. ११० र १११ मा एकपटक कालिक सम्बद्धकको प्रयोग भएको देखिन्छ। वा.सं. १११ र ११२ मा दुईपटक स्थानिक सम्बद्धक र एकपटक संयोजन सम्बद्धकको प्रयोग भएको देखिन्छ। वा.सं. ११२ र ११३ मा दुईपटक सार्वनामिक सम्बद्धकको प्रयोग भएको देखिन्छ। वा.सं. ११३ र ११४ मा एकपटक संयोजन सम्बद्धकको प्रयोग भएको देखिन्छ। वा.सं. ११५ र ११ मा स्थानिक र सार्वनामिक सम्बद्धकको प्रयोग भएको देखिन्छ। वा.सं. ११६ र ११७ मा एकपटक सार्वनामिक र दुईपटक संयोजन सम्बद्धकको प्रयोग गरिएको छ। वा.सं. ११७ र ११८ मा तिनपटक संयोजन र दुईपटक सार्वनामिक सम्बद्धकको प्रयोग भएको छ। वा.सं. ११८ र ११९ मा तिनपटक सार्वनामिक र एकपटक स्थानिक सम्बद्धकको प्रयोग भएको देखिन्छ। वा.सं. ११९ र १२० मा सार्वनामिक कालिक सम्बद्धकको प्रयोग भएको देखिन्छ।

यसप्रकार यस वाक्य शृङ्खलामा विविध सम्बद्धकहरूको प्रयोगले पाठलाई पूर्णता प्रदान गरेका छन्।

### ४.२.९ निर्दिष्ट कथाको नवौं भागमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण

१२०. बन्द दरबाजाको ऐनामा ठकठकाएर 'दुध' भनेपछि एउटी मैलो जामा लाएकी केटी आएर दुध थापी।

१२१. ठेकाभरको डेढ सेर हाल्दै गर्दा भित्रबाट दोरङ्गिनी कराई- "फाल्टु तिन सेर भोलि ल्याइ देऊ है बोजू, खिर खानलाई राम्रो ल्याइ देऊ है।"

१२२. एक छिन कुन्नि किन ढिलाएपछि उसले केटीलाई भनी पठाई पुग्दैन अरे भन्दिनु।

१२३. ठेक्का पुऱ्याउनै मुस्किल पर्दै छ।

१२४. हावापानी चलेर भोलि त आउँछु कि आउँदिन। अरुको तिर खोज्न भन्नू।"

१२५. सुनिछ दोरङ्गिनीले र दरबाजामा निस्केर कालेकी आमाका भिजेका लुगा हेर्दै भनी "तिमीले ल्याइ देऊ न !"

१२६. अरुकोमा म कहाँ जानु यस्तो पानीमा, तिमीले नै ल्याइ देऊ। दीपकको जन्मदिन छ र पो त ...।"

१२७. "पुग्दैन... " कुण्ठित स्वर उसको अन्तरबाट निस्क्यो।

१२८. दोरङ्गिनीलाई उसले हेर्दै लगी- कति सफा लुगा फाटा, कति सेतो अनुहार, हातहरू कति राम्रा ।

१२९. उसको लोग्नेलाई सुख छ, घरभरि चौकी पलङहरू र दराजमा सारीहरू, माटो हिलो हुनुपर्दैन, गोबर सोहोर्नु पर्दैन, हावा पानीदेखि डराउनु पर्दैन ।

१३०. "पुग्दैन..., म भोलि यस्तै हावापानी भयो भने आउँदिन पनि ।"

१३१. "हामी अनि त दिनभरि फिक्कै चिया खानु ? कस्तो कुरा गरेको ? ल्याइ देऊ है । जसरी भए पनि ल्याइ देऊ ।"

१३२. कालेकी आमा केही नभनी सिँढीदेखि झरेर बजारतिर निस्की ।

१३३. बाटोमा हिँड्दै ऊ आफैँ फतफताई ।

**तालिका सङ्ख्या ९**

**निर्दिष्ट कथाको नवौं भागमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण**

| वा.सं. | सम्बद्धक | प्रयुक्त |
|---|---|---|
| १२० र १२१ | - | - |
| १२१ र १२२ | स्थानिक<br>कालिक | भित्रबाट<br>भोलि |
| १२२ र १२३ | सार्वनामिक | उसले |
| १२३ र १२४ | पुनरावृत्ति | छ |
| १२४ र १२५ | कालिक<br>सार्वनामिक<br>प्रश्नवाचक | भोलि<br>त<br>कि |
| १२५ र १२६ | संयोजन<br>सार्वनामिक<br>संयोजन | र<br>तिमीले<br>न |
| १२६ र १२७ | सार्वनामिक<br>पुनरावृत्ति<br>संयोजन<br>प्रश्नवाचक<br>सार्वनामिक | म<br>छ<br>र<br>पो<br>त |

| | | |
|---|---|---|
| १२७ र १२८ | सार्वनामिक | उसको |
| १२८ र १२९ | सार्वनामिक<br>प्रश्नवाचक | उसले<br>कति |
| १२९ र १३० | सार्वनामिक<br>पुनरावृत्ति | उसको<br>छ |
| १३० र १३१ | सार्वनामिक<br>कालिक<br>संयोजन | म<br>भोलि<br>पनि |
| १३१ र १३२ | सार्वनामिक<br>संयोजन<br>सार्वनामिक | हामी<br>अनि<br>त |
| १३२ र १३३ | स्थानिक | बजारतिर |
| १३३ र १३४ | स्थानिक<br>सार्वनामिक<br>सार्वनामिक | बाटोमा<br>ऊ<br>आफैं |

माथिको तालिका अनुसार वा.सं. १२० र १२१ मा कुनै पनि सम्बद्धकको प्रयोग भएको छैन। वा.सं. १२१ र १२२ मा स्थानिक र कालिक सम्बद्धकको प्रयोग भएको छ। वा.सं. १२२ र १२३ मा एकपटक सार्वनामिक सम्बद्धकको प्रयोग भएको छ। वा.सं. १२३ र १२४ मा एकपटक पुनरावृत्ति सम्बद्धको प्रयोग भएको छ। वा.सं. १२४ र १२५ मा कालिक, सार्वनामिक र प्रश्नवाचक सम्बद्धकको प्रयोग भएको छ। वा.सं. १२५ र १२६ मा दुई पटक संयोजन र एकपटक सार्वनामिक सम्बद्धकको प्रयोग भएको छ। वा.सं. १२६ र १२७ मा दुई पटक सार्वनामिक सम्बद्धक र पुनरावृत्ति, संयोजन र प्रश्नवाचक सम्बद्धकको प्रयोग भएको छ। वा.सं. १२७ र १२८ मा एकपटक सार्वनामिक सम्बद्धकको प्रयोग भएको छ। वा.सं. १२८ र १२९ मा सार्वनामिक र प्रश्नवाचक सम्बद्धकको प्रयोग भएको छ। वा.सं. १२९ र १३० मा सार्वनामिक र पुनरावृत्ति सम्बद्धकको प्रयोग भएको छ। वा.सं. १३० र १३१ मा सार्वनामिक, कालिक र संयोजन सम्बद्धकको प्रयोग भएको छ। वा.सं. १३१ र १३२ मा दुईपटक सार्वनामिक र एकपटक संयोजन सम्बद्धकको प्रयोग भएको छ। वा.सं. १३२ र

१३३ मा एकपटक स्थानिक सम्बद्धकको प्रयोग भएको छ । वा.सं. १३३ र १३४ मा एकपटक स्थानिक सम्बद्धक र दुई पटक सार्वनामिक सम्बद्धकको प्रयोग भएको छ ।

यसरी प्रस्तुत वाक्यसङ्ख्या श्रेणीमा सार्वनामिक र संयोजक सम्बद्धकको बाहुल्य रहेको छ । यसका साथै अरु सम्बद्धकहरूले पाठलाई सुललित बनाउने काम गरेका छन् ।

**४.२.१० निर्दिष्ट कथाको दसौं भागमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण**

१३४. अहँ, यसरी दिनरातको पहिरो र हावाको डरमा बाचेर, दुई एकर जमिनको माटो वर्षमा दुई चोटि पल्टाएर जीविका गर्ने मेलो परिवारको हत्या हो ।

१३५. बेचि दिन्छु, दुवै माउ गाई र कोरलीहरू सब सोहोमोहो दाम मिलाएर ।

१३६. बारी पनि बेचिदिन्छु ।

१३७. घरको टिन र काठपात, गोठको पनि सब बेचिदिन्छु ।

१३८. पाँच छ रुपियाँको सानो कोठा लिएर भए पनि बजारैमा बस्छु ।

१३९. म चोकमा सागसब्जी बेचिहाल्छु ठुलीकी आमाले जस्तो ।

१४०. उसले बढाई काम, राज काम जानेकै र । भएन चौकीदार काम पनि पाइ हाल्छ ।

१४१. दुइटा छोराछोरीलाई हल्कै पार लाउँछु ।

१४२. म बस्दिन यस्तो शून्य ठाउँमा निर्णय गर्न सकेपछि उसलाई मनमा ढुक्क लाग्यो ।

१४३. खुट्टाहरू दुखेको पनि हरायो ।

१४४. पानीले भिजि सकेको पनि अब उसलाई पर्वाह लागेन ।

१४५. त्यस्तै खुसी लागेर ऊ बिच गल्लीको भुजा दोकानतिर गई ।

१४६. दुई आनाको चना मटर किनेर पोका झोलामा हाली ।

१४७. फुल र मटर मात्रै किन्न आएकी एउटी दर्जिनीलाई कालेकी आमाले सोधी- "तिमीहरू बसेको छेउछाउमा कतै कोठा खाली छैन बैनी ?"

१४८. "छैन, किन दिदी, तिम्रो तिर पैरो गयो कि...?"

१४९. "हैन, म बजारतिर घर खोज्दैछु । पानी, टट्टी अलिक नजिक भाको दश पन्ध्र एप्पेसम्मको ।

१५०. "एउटा कोठा त छ" खिनौरी दर्जिनीले भनी- "विजुलीको अलग्गै दुई रूपपे गरेर बाह्र रूपपे पो तिर्दै थियो एउटा मधेसीले । त्यो गयो भोलि म खबर गर्छु नि दिदी ।"

१५१. "म आफैं भोलि तिम्रोमा निस्किन्छु, यति बेलैतिर निस्किन्छु ।

१५२. ऊ त्यहाँदेखि छाता ओढ्दै माल गोदामतिर गई । अब दुई ठाउँ दुध बाडेर फर्किनु थियो ।

**तालिका सङ्ख्या १०**

**निर्दिष्ट कथाको दसौं भागमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण**

| वा.सं. | सम्बद्धक | प्रयुक्त शब्द |
|---|---|---|
| १३४ र १३५ | सार्वनामिक<br>संयोजन | यसरी<br>र |
| १३५ र १३६ | संयोजन | र |
| १३६ र १३७ | संयोजन | पनि |
| १३७ र १३८ | स्थानिक<br>संयोजन<br>संयोजन<br>पुनरावृत्ति | घरको<br>र<br>पनि<br>छ |
| १३८ र १३९ | संयोजन<br>स्थानिक | पनि<br>बजारैमा |
| १३९ र १४० | सार्वनामिक | म |
| १४० र १४१ | सार्वनामिक<br>पुनरावृत्ति<br>संयोजन | उसले<br>छ<br>पनि |
| १४१ र १४२ | - | - |
| १४२ र १४३ | सार्वनामिक<br>सार्वनामिक | म<br>उसलाई |
| १४३ र १४४ | संयोजन | पनि |
| १४४ र १४५ | संयोजन<br>कालिक | पनि<br>अब |

| | | |
|---|---|---|
| १४५ र १४६ | सार्वनामिक | ऊ |
| १४६ र १४७ | - | - |
| १४७ र १४८ | संयोजन<br>सार्वनामिक | र<br>तिमीहरू |
| १४८ र १४९ | प्रश्नवाचक<br>सार्वनामिक<br>प्रश्नवाचक | किन<br>तिम्रो<br>कि |
| १४९ र १५० | सार्वनामिक<br>स्थानिक<br>स्थानिक | म<br>बजारतिर<br>घर |
| १५० र १५१ | सार्वनामिक<br>पुनरावृत्ति<br>प्रश्नवाचक<br>सार्वनामिक<br>कालिक<br>सार्वनामिक | त<br>छ<br>पो<br>त्यो<br>भोलि<br>म |
| १५१ र १५२ | सार्वनामिक<br>सार्वनामिक<br>कालिक<br>सार्वनामिक<br>सार्वनामिक | म<br>आफैं<br>भोलि<br>तिम्रोमा<br>यति |
| १५२ र १५३ | सार्वनामिक<br>कालिक | ऊ<br>अब |

माथिको तालिकाअनुसार वा.सं. १३४ र १३५ मा सार्वनामिक सम्बद्धक र संयोजन सम्बद्धकको प्रयोग गरिएको छ। वा.सं. १३५ र १३६ मा एकपटक संयोजनको प्रयोग गरिएको छ। वा.सं. १३६ र १३७ मा एकपटक संयोजनको प्रयोग गरिएको छ। वा.सं. १३७ र १३८ मा एकपटक स्थानिक र दुईपटक संयोजन सम्बद्धकको प्रयोग गरिएको छ। वा.सं.

१३८ र १३९ मा पुनरावृत्ति, संयोजन र स्थानिक सम्बद्धकको प्रयोग गरिएको छ। वा.सं. १३९ र १४० मा एकपटक सार्वनामिक सम्बद्धकको प्रयोग गरिएको छ। वा.सं. १४० र १४१ मा सार्वनामिक, पुनरावृत्ति र संयोजन सम्बद्धकको प्रयोग गरिएको छ। वा.सं. १४१ र १४२ मा कुनै पनि सम्बद्धकको प्रयोग गरिएको छैन। वा.सं. १४२ र १४३ मा दुईपटक सार्वनामिक सम्बद्धकको प्रयोग गरिएको छ। वा.सं. १४३ र १४४ मा एकपटक संयोजन सम्बद्धकको प्रयोग गरिएको छ। वा.सं. १४४ र १४५ मा संयोजन र कालिक सम्बद्धकको प्रयोग गरिएको छ। वा.सं. १४५ र १४६ मा एकपटक सार्वनामिक सम्बद्धकको प्रयोग गरिएको छ। वा.सं. १४६ र १४७ मा कुनै सम्बद्धकको प्रयोग गरिएको छैन। वा.सं. १४७ र १४८ मा संयोजन र सार्वनामिक सम्बद्धकको प्रयोग गरिएको छ। वा.सं. १४८ र १४९ एकपटक सार्वनामिक र दुईपटक प्रश्नवाचक सम्बद्धकको प्रयोग गरिएको छ। वा.सं. १४९ र १५० मा एकपटक सार्वनामिक र दुईपटक स्थानिक सम्बद्धकको प्रयोग गरिएको छ। वा.सं. १५० र १५१ मा तिनपटक सार्वनामिक र एकपटक पुनरावृत्ति, प्रश्नवाचक र कालिक सम्बद्धकको प्रयोग गरिएको छ। वा.सं. १५१ र १५२ मा चारपटक सार्वनामिक र एकपटक कालिक सम्बद्धकको प्रयोग गरिएको छ। वा.सं. १५२ र १५३ मा सार्वनामिक र कालिक सम्बद्धकको प्रयोग गरी पाठलाई अर्थपूर्ण र सुगठित बनाएको छ।

यसरी प्रस्तुत वाक्य सङ्ख्या श्रेणीमा सार्वनामिक र संयोजन सम्बद्धकको नै बाहुलता रहेको देखिन्छ।

**४.२.११ निर्दिष्ट कथाको एघारौं भागमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण**

१५३. बी.बी. गुरुङको बरन्डामा पुग्दा त्यहाँ बिहान नै घरभरि मानिसहरू जम्मा भएका थिए।

१५४. दुई तिनजना बाहिर उभिएर पनि छाता ओढेर बात गर्दै थिए।

१५५. कालेकी आमा पछिल्तिरबाट घुमेर दिन गई।

१५६. के भयो होला- उसले पत्ता पाउन सकिन।

१५७. लोग्ने स्वास्नी दुईमा को एक जनालाई केही भयो होला, छोराछोरी छैनन।

१५८. मोटी स्वास्नी दिनभरि खडाउ बजाउँदै भित्र बाहिर गरिरहन्छे- एउटा सेतो बिरालो ( निनी) बोकेर वरपरको घरतिर पनि पुग्छे।

१५९. लोग्नेको माथि लेडेन ला सडकमा ड्राई क्लिनको दोकान छ।

१६०. के भयो ? किन मान्छे भेला भाका ? उसले पल्लो घरबाट आएर दुध थापिदिने आइमाईसँग सोधी ।

१६१. "निनीको आमा राति लडेर होसै बेहोस छ ।" "काँ लडिछ ?"

१६२. उसले सुनी- रातको ठूलो पानीमा सेतो बिरालो दैलो थुन्दा बाहिर परेछ ।

१६३. कति म्याउ म्याउ करायो होला तर पानीले सुनिँदै सुनिएन ।

१६४. अलिक पानी थामिँदा बिरालोको खोज भयो ।

१६५. बाहिर खोज्दा कति बोलाउँदा पनि आएन ।

१६६. तलतिर खोज्न जाँदा खडाउ चिप्लेर निनीाको आमा तल बाटोमा बजारिन पुगिछ ।

१६७. हतार हतार डाक्टर बोलाइयो, डाक्टर पनि छिटो आएन ।

१६८. अहिलेसम्म होस फर्केको छैन ।

१६९. "जाबो बिरालोले गर्दा पो रछ त !" कालेकी आमाले बिस्तारै भनी- "यै हैन त्यो बिरालो ?" सेतो बिरालो चुलाको तातोमा न्यानो मानेर भुत्ला चाट्दै बसिरहेको थियो ।

१७०. कालेकी आमा त्यसै त्यहाँदेखि उठेर हिँडि हाल्न सकिन ।

१७१. दैलाको काठमा बसी रही ।

१७२. बस्दा बस्दै उसले लोग्ने चाहिँ रुँदै बाहिर आएको देखी ।

१७३. उसले सुनी- त्यो आइमाई मरिन्छ ।

१७४. "कस्तो उदेक, हत्तेरी !" भनेर कालेकी आमाले ढुङ्ग्रो झोला काँधमा भिरी ।

**तालिका सङ्ख्या ११**

**निर्दिष्ट कथाको एघारौं अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण**

| वा.सं. | सम्बद्धक | प्रयुक्त शब्द |
|---|---|---|
| १५३ र १५४ | स्थानिक<br>कालिक<br>स्थानिक | त्यहाँ<br>बिहान नै<br>घरभरि |
| १५४ र १५५ | स्थानिक<br>संयोजन | बाहिर<br>पनि |
| १५५ र १५६ | - | - |
| १५६ र १५७ | सार्वनामिक<br>सार्वनामिक | के<br>उसले |

| | | |
|---|---|---|
| १५७ र १५८ | सार्वनामिक<br>सार्वनामिक | को<br>केही |
| १५८ र १५९ | स्थानिक<br>स्थानिक<br>संयोजन | भित्र<br>बाहिर<br>पनि |
| १५९ र १६० | स्थानिक<br>स्थानिक<br>पुनरावृत्ति | माथि<br>सडकमा<br>छ |
| १६० र १६१ | सार्वनामिक<br>प्रश्नवाचक<br>पुनरावृत्ति | के<br>किन<br>कसले |
| १६१ र १६२ | कालिक<br>पुनरावृत्ति | राति<br>छ |
| १६२ र १६३ | सार्वनामिक<br>स्थानिक | उसले<br>बाहिर |
| १६३ र १६४ | प्रश्नवाचक<br>संयोजन | कति<br>तर |
| १६४ र १६५ | - | - |
| १६५ र १६६ | स्थानिक<br>प्रश्नवाचक<br>संयोजन | बाहिर<br>कति<br>पनि |
| १६६ र १६७ | स्थानिक<br>स्थानिक | तल<br>बाटोमा |
| १६७ र १६८ | संयोजन | पनि |
| १६८ र १६९ | - | - |
| १६९ र १७० | प्रश्नवाचक<br>सार्वनामिक<br>सार्वनामिक | पो<br>त<br>त्यो |

| | | |
|---|---|---|
| १७० र १७१ | सार्वनामिक | त्यसै |
| १७१ र १७२ | - | - |
| १७२ र १७३ | सार्वनामिक<br>स्थानिक | उसले<br>बाहिर |
| १७३ र १७४ | सार्वनामिक<br>सार्वनामिक | उसले<br>त्यो |
| १७४ र १७५ | - | - |

माथिको तालिकाअनुसार वा.सं. १५३ र १५४ मा दुईपटक स्थानिक र एकपटक कालिक सम्बद्धकको प्रयोग भएको देखिन्छ। वा.सं. १५४ र १५५ मा स्थानिक र संयोजन सम्बद्धकको प्रयोग भएको देखिन्छ। वा.सं. १५५ र १५६ मा कुनै पनि सम्बद्धकको प्रयोग भएको छैन। वा.सं. १५६ र १५७ मा दुईपटक सर्वानामिक सम्बद्धकाके प्रयोग भएको देखिन्छ। वा.सं. १५७ र १५८ मा दुईपटक सार्वनामिक सम्बद्धकको प्रयोग भएको देखिन्छ। वा.सं. १५८ र १५९ मा दुईपटक स्थानिक र एकपटक संयोजन सम्बद्धकको प्रयोग भएको देखिन्छ। वा.सं. १५९ र १६० मा दुईपटक स्थानिक र एकपटक पुनरावृत्ति सम्बद्धकको प्रयोग भएको देखिन्छ। वा.सं. १६० र १६१ मा दुईपटक सार्वनामिक र एकपटक प्रश्नवाचक सम्बद्धकको प्रयोग भएको देखिन्छ। वा.सं. १६१ र १६२ मा कालिक र पुनरावृत्ति सम्बद्धकको प्रयोग भएको देखिन्छ। वा.सं. १६२ र १६३ मा सार्वनामिक र स्थानिक सम्बद्धकको प्रयोग भएको देखिन्छ। वा.सं. १६३ र १६४ मा र १६५ मा कुने पनि सम्बद्धकको प्रयोग भएको छैन। वा.सं. १६५ र १६६ मा स्थानिक, प्रश्नवाचक र संयोजन सम्बद्धकको प्रयोग भएको देखिन्छ। वा.सं. १६६ र १६७ मा दुईपटक स्थानिक सम्बद्धकको प्रयोग भएको देखिन्छ। वा.सं. १६७ र १६८ मा एकपटक संयोजन सम्बद्धकको प्रयोग भएको देखिन्छ। वा.सं. १६८ र १६९ मा कुनै पनि सम्बद्धकको प्रयोग भएको छैन। वा.सं. १६९ र १७० मा एकपटक प्रश्नवाचक र दुईपटक सार्वनामिक सम्बद्धकको प्रयोग भएको देखिन्छ। वा.सं. १७० र १७१ मा एकपटक सार्वनामिक सम्बद्धकको प्रयोग भएको देखिन्छ। वा.सं. १७१ र १७२ मा कुनैपनि सम्बद्धकको प्रयोग भएको छैन। वा.सं. १७२ र १७३ मा सार्वनामिक र स्थानिक सम्बद्धकको प्रयोग भएको देखिन्छ। वा.सं. १७३ र १७४ मा दुईपटक

सार्वनामिक सम्बद्धकको प्रयोग भएको देखिन्छ। वा.सं. १७४ र १७५ मा कुनै पनि सम्बद्धकको प्रयोग भएको छैन ।

यस भागमा सार्वनामिक र स्थानिक सम्बद्धकको बहुलता रहेको छ भने अन्य विविध सम्बद्धकहरूको प्रयोगले पाठलाई अन्वितिपूर्ण र कसिलो बनाएको छ ।

### ४.२.१२ निर्दिष्ट कथाको बाह्रौं भागमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण

१७५. चौकीदारनीको घरमा एक पावा दुध भरेर बटुको लिएर आएकी सानी छोरीलाई पनि अलिकति तुर्क्याइ दिएपछि कालेकी आमा भुइँको बोरामा प्याच्च बसी ।

१७६. चौकीदारनीले तातिरहेको चिया उतारेर अँगेठीमा दुध बसाउँदै सोधी- "बैनीहरूको तिर कस्तो छ ? हुरीले सारो बिगाऱ्यो होला है ! सखाप पाऱ्यो होला ...।"

१७७. कालेकी आमाले के सम्भिm रहेकी थिई, केही भनिन ।

१७८. फेरि चौकीदारनीले भनी- "यता बजारमा त क्यै आपद छैन, क्यै डर छैन ।"

१७९. तर कमाल बस्तीतिर कति दुःख छ, कस्तो बिजोग छ, मलाई थाहा छ। त्यै देखेर हाम्रा बाबुहरू बजार पसेका... ।"

१८०. कालेकी आमाले अहिले अब अलिक बलियो भएर भनी- "आपत् विपत् जहाँ पनि छ ।"

१८१. हो हुरीले बिगाऱ्यो तर अब सबै ठीक बनाइ हाल्छौं, कुनै नसकिने काम होइन त्यति गर्न ।

१८२. आफ्नो घर छ, गोठ छ, गोठमा गाईहरू छन् बारी छ, बारीमा तिस चालिस भ्याङ बाँसहरू छन् । गगुन र नेभारोका रुखरु छन्, काँक्रो लहरा आकाशतिर जाँदै छ ... हुरीले कति पो बिगार्न सक्छ र ? इ ! अब गएर बनाइ हाल्नुपर्छ ... ।"

१८३. अनि जिब्रो पोल्ने तातो चियाको घुट्का हतार हतार निलेर ऊ बजारमा काँटी किन्न आइपुगी ।

१८४. अनि मनमनै भन्दै दिई- एकदम ढिलो भइ सकेछ, आज मलाई कालेको बाबुले मार्छ ।

**तालिका सङ्ख्या १२**

**निर्दिष्ट कथाको बाह्रौं भागमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण**

| वा.सं. | सम्बद्धक | प्रयुक्त शब्द |
|---|---|---|
| १७५ र १७६ | स्थानिक<br>संयोजन | घरमा<br>पनि |
| १७६ र १७७ | स्थानिक<br>पुनरावृत्ति | तिर<br>छ |
| १७७ र १७८ | सार्वनामिक<br>सार्वनामिक | के<br>केही |
| १७८ र १७९ | स्थानिक<br>स्थानिक<br>सार्वनामिक | यता<br>बजारमा<br>त |
| १७९ र १८० | संयोजन<br>प्रश्नवाचक<br>पुनरावृत्ति<br>सार्वनामिक<br>सार्वनामिक<br>स्थानिक | तर<br>कति<br>छ<br>त्यै<br>हाम्रा<br>बजार |
| १८० र १८१ | कालिक<br>कालिक<br>संयोजन<br>पुनरावृत्ति | अहिले<br>अब<br>पनि<br>छ |
| १८१ र १८२ | संयोजन<br>कालिक<br>सार्वनामिक<br>सार्वनामिक | तर<br>अब<br>सबै<br>त्यति |

| | | |
|---|---|---|
| १८२ र १८३ | स्थानिक<br>पुनरावृत्ति<br>संयोजन<br>प्रश्नवाचक<br>प्रश्नवाचक<br>कालिक | घर<br>छ<br>र<br>कति<br>पो<br>अब |
| १८३ र १८४ | संयोजन<br>सार्वनामिक<br>सस्थानिक | अनि<br>ऊ<br>बजारमा |
| १८४ र १८५ | संयोजन<br>कालिक<br>सार्वनामिक | अनि<br>आफ<br>मलाई |

माथि उल्लेखित तालिका अनुसार वा.सं. १७५ र १७६ मा स्थानिक सम्बद्धक र संयोजन सम्बद्धकको प्रयोग भएको देखिन्छ। वा.सं. १७६ र १७७ मा स्थानिक र पुनरावृत्ति सम्बद्धकको प्रयोग भएको देखिन्छ। वा.सं. १७७ र १७८ मा दुईपटक सार्वनामिक सम्बद्धकको प्रयोग भएको देखिन्छ। वा.सं. १७८ र १७९ मा दुईपटक स्थानिक र एकपटक सार्वनामिक सम्बद्धकको प्रयोग भएको देखिन्छ। वा.सं. १७९ र १८० मा दुईपटक सार्वनामिक र एक एक पटक संयोजन, प्रश्नवाचक, पुनरावृत्ति र स्थानिक सम्बद्धकको प्रयोग भएको देखिन्छ। वा.सं. १८० र १८१ मा दुईपटक कालिक र एक एक पटक संयोजन र पुनरावृत्ति सम्बद्धकको प्रयोग भएको देखिन्छ। वा.सं. १८१ र १८२ मा दुईपटक सार्वनामिक र एक एक पटक संयोजन र कालिक सम्बद्धकको प्रयोग भएको देखिएको छ। वा.सं. १८२ र १८३ मा एक एक पटक स्थानिक, पुनरावृत्ति, संयोजन, कालिक र दुईपटक प्रश्नवाचक सम्बद्धकको प्रयोग भएको देखिएको छ। वा.सं. १८३ र १८४ मा एक एक पटक संयोजन, सार्वनामिक र स्थानिक सम्बद्धकको प्रयोग भएको देखिएको छ। वा.सं. १८४ र १८५ मा एक एक पटक संयोजन, कालिक र सार्वनामिक सम्बद्धकको प्रयोग भएको देखिएको छ।

यस वाक्यसङ्ख्या श्रेणीमा सार्वनामिक र स्थानिक सम्बद्धकको बाहुल्यताका साथै अन्य विविध सम्बद्धकहरूको प्रयोग गरी कथालाई सुगठित पारिएको छ ।

## ४.३ निष्कर्ष

प्रस्तुत कथामा जम्मा १८४ वटा वाक्यहरू रहेका छन् । ती वाक्यलाई जम्मा बाह्रौं भागमा अनुबन्धित गरिएको छ । प्रस्तुत पाठलाई भागगत रूपमा वर्गीकरण गरी त्यहाँ रहेका सम्बद्धकहरूको पहिचान र विश्लेषण गरिएको छ । उल्लिखित पाठभित्र भाषिक जोर्नी वा सम्बद्धकका रूपमा स्थानिक, कालिक, सार्वनामिक, संयोजन, कालिक, पुनरावृत्ति, प्रश्नवाचक, आदि सम्बद्धकहरूले अभिव्यक्तिलाई सिलसिलाबद्ध रूपमा जोड्ने का मगरेका छन् । जसलमा सार्वनामिक सम्बद्धकको सबैभन्दा धेरै प्रयोग गरिएको देखिन्छ ।

यसरी प्रस्तुत कथामा आवश्यक मात्रामा उपयुक्त ढङ्गले नै सम्बद्धकहरूको प्रयोग गरी पाठलाई पठनयोग्य पारिएको छ । समग्रमा प्रस्तुत कथा भाषिक जोर्नी वा सम्बद्धकको प्रयोगका दृष्टिले अन्वितिपूर्ण सुगठित एवम् उपयुक्त रहेको देखिन्छ ।

# अध्याय पाँच

# सारांश, निष्कर्ष र उपयोगिता

## ५.१ सारांश

प्रस्तुत शोधपत्रमा कथाकार इन्द्रबहादुर राईद्वारा लिखित 'रातभरि हुरी चल्यो' शीर्षात्मक कथाको सङ्कथन विश्लेषण गरिएको छ। प्रस्तुत शोधकार्यमा पुस्तकालयीय अध्ययन विधिद्वारा स्रोत सामग्री प्रयोग गरी अध्ययन र विश्लेषण गरिएको छ। यो अध्ययन सङ्कथन विश्लेषणको प्रमुख युक्ति सम्बद्धकको खोज र विश्लेषणमा आधारित रहेको छ। 'रातभरि हुरी चल्यो' कथाको सङ्कथन विश्लेषणका आधारमा यो कथा सम्बद्धकको प्रयोगका दृष्टिले उत्कृष्ट, उपयुक्त र पठनयोग्य रहेको देखिन्छ। यस कथामा सरल र सुबोध्य भाषाशैलीको प्रयोग भएको छ। यो कथा सङ्कथनका दृष्टिकोणबाट पूर्ण रहेको देखिन्छ।

## ५.२ निष्कर्ष

सङ्कथन अभिव्यक्तिका दृष्टिले कथ्य र लेख्य गरी दुई प्रकारका रहेका छन्। इन्द्रबहादुर राईद्वारा लिखित 'रातभरि हुरी चल्यो' कथालाई विभिन्न भागमा विभाजन गरी वाक्यगत रूपमा सङ्कथन विश्लेषणमा सम्बद्धकहरूको पहिचान र विश्लेषण गरिएको छ।

'रातभरि हुरी चल्यो' कथामा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण गर्दा सार्वनामिक, संयोजक र स्थानिक सम्बद्धकको बाहुल्य रहेको देखिन्छ। यसका साथै निपात, पुनरावृत्ति, कालिक, प्रश्नवाचक सम्बद्धक जस्ता व्यारणिक सम्बद्धकको प्रयोग भएको देखिन्छ। कथामा प्रयुक्त सम्बद्धकको उपयुक्तता हेर्दा कथा भाषिक जोर्नीका दृष्टिले अन्वितिपूर्ण र पठनयोग्य रहेको देखिन्छ। समग्रमा प्रस्तुत तथा सङ्कथन विश्लेषणको अध्ययनका आधारमा तथा सङ्कथन र सम्बद्धकका सापेक्षतामा अर्थपूर्ण र उपयुक्त रहेको देखिन्छ।

## ५.३ उपयोगिता र कार्यान्वयन

### ५.३.१ शोधको उपयोगिता

सङ्कथन विश्लेषणले पाठमा प्रयुक्त भाषिक संरचना र सन्दर्भ दुवैको अध्ययन र विश्लेषण गर्ने हुनाले यसको महत्व धेरै रहेको छ। प्रस्तुत शोधको शैक्षणिक उपयोगितालाई निम्न बुँदामा उल्लेख गर्न सकिन्छ :

क) प्रस्तुत शोधले भाषा शिक्षणका क्षेत्रमा प्रत्यक्ष सहयोग पुऱ्याउने छ ।

ख) प्रस्तुत शोधले सङ्कथन विश्लेषणमा अध्ययन गर्न चाहने अनुसन्धानकर्ताका लागि सहयोग पुऱ्याउने छ ।

ग) भाषापाठ्यक्रम र पाठ्यपुस्तक निर्माण गर्न, पाठ्यक्रमको छनोट र स्तरण गर्न, शैक्षिक सामग्रीको प्रयोग गर्न, शिक्षण विधिको छनोट गर्ने आधारहरू तय गर्न यस शोधले सहयोग पुऱ्याउने छ ।

घ) भाषिक अभिव्यक्तिको समग्रता र अखण्डता पहिल्याउन पुऱ्याउने ।

### ५.३.२ शोधको कार्यान्वयन

भाषा शिक्षण भाषिक सीपहरूको शिक्षण हो । यो अविच्छिन्न तथा अखण्डित हुन्छ । सङ्कथन पनि एउटा अखण्डित भाषिक अभिव्यक्तिभित्र पर्दछ । तसर्थ सङ्कथनले भाषिक सीपलाई अखण्ड रूपमा शिक्षण गर्न सहयोग पुऱ्याउँछ । यसबाट भाषिक शिक्षणबाट क्षेत्रमा सबै सरोकारवालाले आ-आफ्ना क्षेत्रमा प्रयोग गरी फाइदा लिन सक्छन् । विशेष गरेर भाषिक अभिव्यक्ति एवम् शिक्षण सिकाइसँग सम्बन्धित लेखक, शिक्षक, विद्यार्थी, भाषाविद, भाषिक अन्वेषक, पाठ्यक्रमविद, पाठ्यपुस्तक लेखक, समालोचक, साहित्यकार, प्राध्यापक सबैले सङ्कलन विश्लेषणको आ-आफ्ना क्षेत्रमा उपयोग गरी लाभान्वित हुन सक्नेछन् ।

### ५.४ भावी अनुसन्धानका लागि सम्भावित शोधशीर्षकहरू

सङ्कथन विश्लेषणसँग सम्बन्धित भएर अध्ययन, अनुसन्धान गर्न चाहने शोधकर्ताहरूका लागि निम्नलिखित आधारमा चयन गरिएका शीर्षकहरू उपयोगी बन्न सक्छन् :

क)**कठपुतलीको मन** कथाको सङ्कथन विश्लेषण,

ख)**हामीजस्तै मैनाकी आमा** कथाको सङ्कथन विश्लेषण,

ग) **मेरी दिदी** कथाको सङ्कथन विश्लेषण ।

## सन्दर्भसूची


अधिकारी, हेमाङ्गराज (२०७४), **सामाजिक र प्रायोगिक भाषाविज्ञान**, काठमाडौंः रत्न पुस्तक भण्डार ।

अधिकारी, चन्द्रमणि (२०६४), **कथा र कथाहरू**, धरानः मणि पुस्तकालय (नीजी) का निमित्त भास्करमणि अधिकारी ।

गौतम, रामप्रसाद (२०६१), प्रयोगिक भाषाविज्ञानका प्रमुख आयाम, काठमाडौं : दीक्षान्त पुस्तक भण्डार ।

गौतम, रामप्रसाद (२०६४), **चिलाउने चौरमा पलाएको मृगतृष्णा निबन्धको सङ्कथन विश्लेषण** (शोधपत्र), केन्द्रीय नेपाली भाषा शिक्षण विभाग, त्रि.वि. कीर्तिपुर ।

घिमिरे, विकास (२०७४), **सपरिवार छोराले देश छोडेको रात मनोवादको सङ्कथन विश्लेषण**, इटहरी : जनता बहुमुखी क्याम्पस ।

घिमिरे, एकराज (२०७४), **जय भोलि निबन्धको सङ्कथन विश्लेषण**, इटहरी : जनता बहुमुखी क्याम्पस ।

जैसी, कृष्णप्रसाद (२०६७), **तीन घुम्ती उपन्यासको सङ्कथन विश्लेषण** (शोधपत्र), केन्द्रीय नेपाली विभाग भाषा शिक्षा विभाग त्रि.वि. कीर्तिपुर ।

ढकाल, शान्तिप्रसाद (२०६९/७०), **प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम**, काठमाडौं : शुभकामना प्रकाशन ।

ढकाल, उर्मिला (२०६७), **मधेशतिर कथाको सङ्कथन विश्लेषण** (शोधपत्र), केन्द्रीय नेपाली विभाग भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

ढुङ्गेल, भोजराज, दाहाल दुर्गाप्रसाद (२०६९), **सामान्य र प्रायोगिक भाषाविज्ञान**, काठमाडौं : एम.के. पब्लिसर्स एण्ड डिष्ट्रिब्युटर्स ।

न्यौपाने, टङ्कप्रसाद (२०६९), **चन्द्रमणि अधिकारी : शब्द श्रद्धाञ्जली** (स्मृतिग्रन्थ) धरानः नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस ।

न्यौपाने, दीपकप्रसाद (२०७०), **सङ्कथन र संसक्ति व्यवस्था,** *उद्बोध* (अङ्क-२), पृ. ५६-६६ ।

न्यौपाने, टङ्कप्रसाद, भण्डारी, पारसमणि, न्यौपाने, दिपक घिमिरे तुलसीराम (२०६९), **सामान्य भाषविज्ञान**, काठमाडौं : एम.के. पब्लिसर्स एण्ड डिष्ट्रिब्युटर्स ।

पौडेल, माधवप्रसाद (२०६९), **प्रायोगिक भाषाविज्ञानका प्रमुख आयामहरू**, काठमाडौं : हेरिटेज पब्लिसर्स एण्ड डिष्ट्रिब्युटर्स प्रा.लि. ।

बस्नेत, सुरेशकुमार (२०६७), **कक्षा ९ को अनिवार्य नेपाली किताबमा रहेका कथाहरूको सङ्कथन विश्लेषण** (शोधपत्र) केन्द्रीय नेपाली विभाग भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

भण्डारी, विद्यादेवी (२०७३), **अछुत जातिलाई टीका लगाउँदा निबन्धको सङ्कथन विश्लेषण**, इटहरी : जनता बहुमुखी क्याम्पस ।

भट्टराई, अन्शु (२०७६), **काक्रो कथाको सङ्कथन विश्लेषण**, इटहरी : जनता बहुमुखी क्याम्पस ।

भट्टराई, रामप्रसाद (२०६८), **भाषिक अनुसन्धान विधि**, काठमाडौं : शुभकामना प्रकाशन प्रा.लि. ।

लामिछाने, यादवप्रकाश (२०६९), **प्रायोगिक भाषाविज्ञान** (दोस्रो सं.) काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

सापकोटा, मञ्जु (२०७४) **कविताको परिशिष्ट निबन्धको सङ्कथन विश्लेषण**, इटहरी : जनता बहुमुखी क्याम्पस ।

## परिशिष्ट-एक

क) इन्द्रबहादुर राईको परिचय

इन्द्रबहादुर राईको जन्म वि.सं. १८८४ साल माघ १७ गते दार्जिलिङ, खर्साङ, वालासन खोलाको बगर, भारतमा बाबु रणवीर राई र आमा हस्तमाया देवानको सुपुत्रका रूपमा भएको हो । निम्न आय भएको परिवारमा जन्मे पनि उनको शिक्षादीक्षामा भने कुनै कमी हुन पाएन, अङ्ग्रेणी साहित्यमा स्नातकोत्तर गरेपछि प्राध्यापनमा लागे। पहिलो सङ्ग्रहका रूपमा विपना कतिपय सन् १९६१ मा आएको हो । उपन्यास चाहिँ सन् १९५८ मै लेखी सिध्याएको भए तापनि तर प्रकाशित हुँदा भने सन् १९६४ पुग्यो। यिनै कृतिले राईलाई चिनाए। उत्तरबङ्ग विश्वविद्यालयले उनलाई सन् २००४ मा डि.लि.ट को उपाधिले समेत सम्मानित गरिसकेको छ ।

सन् १९५९ मा गुमानसिंह चामलिङ्गद्वारा सम्पादित सहित सङ्गम पत्रिकामा "रातभरि हुरी चल्यो" शीर्षक रचना इन्द्रबहादुर राईको पहिलो प्रकाशित भयो थियो । यस कथालाई उनको एउटा मास्टर पिस नै मानिन्छ। तर यसभन्दा अघि नै राईको उपन्यास आज रमिता छ प्रकाशित भइसकेको थियो ।

इन्द्रबहादुर राई समालोचनाका क्षेत्रमा पनि सिद्धहस्त र प्रसिद्ध छन् पाश्चात्य समालोचनाका नवीन नवीन मान्यता र सिद्धान्तका आधारमा कृतिको समीक्षा गर्दै आफ्नो मौलिकता पनि थक्ने राई भारतेली नेपाली साहित्यको फाँटमा एक जना सम्मानीय समालोचक पनि हुन्। उनको समालोचनात्मक कृति नेपाली उपन्यासका आधारहरूका लागि सन् १९७७ को निम्ति नेपाली साहित्यतिरको पहिलो साहित्य अकादेमी पुरस्कारद्वारा उनलाई सम्मानित गरियो ।

राई सामाजिक यथार्थवादी कथाकार हुन्। उनको पहिलो कथा 'रातभरि हुरी चल्यो' कथा हो। इन्द्रबहादुर राईका विपना कतिपय (कथा संग्रह सन् १९६१), 'कथास्था' (कथा संग्रह सन् १९७२), 'कठपुतलीको मन' (कथासंग्रह सन् १९८९), 'भक्तलाल र म' (कथा), 'ठुली कान्छी' (कथा), 'रोगग्रस्त' (कथा) 'चपरासी' (कथा), 'मेरो दिदी' (कथा), 'खीर' (कथा) कथासङ्ग्रहहरू प्रकाशित भएका छन् ।

उनका लेख, समालोचना, नाटक आदिका पुस्तकहरू धेरै छन् । उनका रचनाहरू नेपाल र भारतका विशिष्ट पत्र पत्रिकातिर भइरहन्छन् । उनले कथा, उपन्यास, समालोचना, विधाका गहकिला कृति रचेका छन् । उनले सामाजिक यथार्थवादी धाराको अनुसरण गरी निकै राम्रा कथा लेखेका छन् । सामाजिकता, अस्तित्ववादी चेतना, यथार्थवादी चेतना र निम्न वर्गको पारिवारिक यथार्थ आदि उनका मुख्य वैशिष्ट्यहरू हुन् । प्रायः सामाजिक यथार्थवादी धाराको अनुसरण गरी कथा लेख्न रुचाउने राई पात्रहरूको सूक्ष्म र मानव मनोवैज्ञानिक गर्न खप्पिस रहेको देखिन्छ । राईको मृत्यु वि.सं. २०७४ फाल्गुण २२ गते दार्जिलिङमा भएको हो ।